जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्


वर्ष २८ | •अंक ११३ | • २०८३ साल भाद्र २५ गते बिहीबार (10 September, Thursday, 2026) | •पृष्ठ ८ | •मूल्य रु. ५।-

# देशव्यापी भ्रमण गर्ने देउवाको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले देशव्यापी भ्रमणमा निस्कने बताएका छन् ।

कांग्रेस भक्तपुरले बुधबार १३३ औं बीपी जयन्तीको अवसरमा आयोजना गरेको विचार गोष्ठीमा बोल्दै पूर्वप्रधानमन्त्रीसमेत रहेका पूर्वसभापति देउवाले देशव्यापी भ्रमणमा निस्कने घोषणा गरेका छन् ।



'जिल्ला, गाउँ, सबै ठाउँमा भ्रममा परेका जो साथी होलान् सबैलाई आफ्नो पक्षमा ल्याउँदै म पनि छिट्टै नै देशभरि घुम्छु,' पूर्वसभापति देउवाले भने ।

एनले सर्वोच्च अदालतबाट आफूलाई न्याय मिल्नेमा विश्वस्त रहेको पनि बताए ।

पूर्वसभापति देउवाले भने, 'म देशभरि घुमेर फेरि जनताको पक्षमा जाने विश्वास दिलाउँदै, जो लाग्नु भएको छ, उहाँहरूलाई हार्दिक धन्यवाद दिँदै फेरि पनि सर्वोच्च अदालतबाटहामीलाई न्याय मिल्ने छ भन्ने विश्वास व्यक्त गर्छु ।'

विदेशबाट उपचार गरेर स्वदेश फर्किदा पाएको माया आफूले मात्रै नभएर सबै कांग्रेसका सच्चा कार्यकर्ताले पाएको पूर्वसभापति देउवाको भनाइ थियो ।

उनले भने, 'म काठमाण्डु आउँदा जुन किसिमको नेपाली जनताको माया, सद्भावना र समर्थन मैले पाप्त गरेँ । त्यो मैले पाएको होइन, सबै साथीहरूले पाउनुभएको हो नि,' पूर्वसभापति देउवाले अघि थप्दै भने, 'तपाईंहरूले पाउनुभएको हो । नेपाली कांग्रेसका सच्चा कार्यकर्ताले पाउनुभएको हो ।'

पूर्वसभापति देउवाले जनताले दिएको मायालाई सबैले आफूले पाएको माया सम्झिएर अगाडि बढ्नुपर्ने बताए ।

'त्यसकारण हामी सबै लागेर जनताले दिएको मायालाई हामी सबैले आफूले पाएको माया भनिठानेर अगाडि बढ्नुपर्छ,' उनले भने ।

विशेष महाधिवेशनमा भाग लिनेहरूको सनाखत नै नभएको तथा निर्वाचन आयोगका प्रमुख आयुक्तले समेत आफ्नो ज्यानलाई खतरा भएपछि निर्णय गरेको बताएका देउवाले बताए ।

उनले १० भदौमा रसुवाको भोटेकोशी बाढीमा आएको बाढीले पुऱ्याएको जनधनको क्षतिप्रति दुःखसमेत व्यक्त गरे ।

## एउटै बैंक, फरक घटना

# रकम निकासा भएपछि बैंकलाई खबर, तर जोगिएन बाँकी पैसा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय वाणिज्य बैंकको महोत्तरीस्थित बलवा शाखामा सेवाग्राहीको खाताबाट ५ लाख ४९ हजार रुपैयाँ अनधिकृत रूपमा निकासा भएको घटनाले बैंकिङ सुरक्षा र आन्तरिक नियन्त्रण प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ ।




बलवा नगरपालिका-६ का रोशनकुमार महतोको राष्ट्रिय वाणिज्य बैंक बलवा शाखामा रहेको खाताबाट सोमबार पहिलोपटक २ लाख रुपैयाँ निकासा भएको थियो । मोबाइल बैंकिङमार्फत आफ्नो खाताबाट रकम निकालिएको जानकारी पाएपछि महतोले तत्काल बैंक शाखामा सम्पर्क गरी खाता रोक्का गर्न तथा रकम कसरी र कसले निकालेको हो भन्नेबारे छानबिन गर्न आग्रह गरेका थिए ।

महतोका आफन्त सन्तोषकुमार महतोका अनुसार बैंक शाखाले २ लाख रुपैयाँ निकासा भइसकेको जानकारी दिँदै थप रकम निकासा हुन नदिने आश्वासन दिएको थियो । तर, त्यसपछि पनि खातामा रहेको थप ३ लाख ४९ हजार रुपैयाँ निकासा भएको पीडित पक्षको दाबी छ ।

यसरी महतोको खाताबाट दुई चरणमा गरी कुल ५ लाख ४९ हजार रुपैयाँ निकालिएको बताइएको छ । पहिलो अनधिकृत कारोबारबारे बैंकलाई तत्काल जानकारी गराइसकेपछि पनि बाँकी रकम कसरी निकासा भयो भन्ने विषय अहिले घटनाको मुख्य प्रश्न बनेको छ ।

पीडित पक्षले रकम फिर्ता गराउन, अनधिकृत कारोबारमा संलग्न व्यक्तिको पहिचान गर्न तथा घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न माग गरेको छ । यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय महोत्तरीलगायत सम्बन्धित निकायमा उजुरीसमेत दिएको जनाएको छ ।

सेवाग्राहीले आफ्नो खाताबाट अनधिकृत कारोबार भएको जानकारी गराएपछि बैंकले तत्काल सुरक्षा प्रक्रिया अघि बढाउनुपर्ने भए पनि बाँकी रकमसमेत निकासा हुन पुगेको घटनाले बैंकको तत्कालीन प्रतिक्रिया र सुरक्षा संयन्त्रमाथि प्रश्न खडा गरेको छ । विशेषगरी पहिलो कारोबारबारे जानकारी पाएपछि खातालाई तत्काल रोक्का गरिएको थियो वा थिएन, बैंकको आन्तरिक प्रणालीबाट थप कारोबार रोक्ने प्रयास भयो कि भएन र दोस्रो निकासी कुन माध्यमबाट सम्भव भयो भन्ने विषय अनुसन्धानको महत्वपूर्ण पाटो बन्ने देखिन्छ ।

बलवा शाखाको घटनाले राष्ट्रिय वाणिज्य बैंकको महोत्तरीस्थित शाखाहरूमा आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताबारे प्रश्न उठाइरहेका बेला केही महिनाअघि सार्वजनिक भएको जलेश्वर शाखाको ६० लाख रुपैयाँको विवादास्पद कर्जा प्रकरणले पनि बैंकको नियन्त्रण प्रणालीमाथि प्रश्न उठाएको थियो ।

राष्ट्रिय वाणिज्य बैंक जलेश्वर शाखाबाट फर्जी लालपुर्जा, रोक्का र लिखतका आधारमा लोहारपट्टी नगरपालिका-४ का श्रीनारायण साहको नाममा ६० लाख रुपैयाँ कर्जा प्रवाह भएको प्रकरण सार्वजनिक भएको थियो । उक्त घटनामा बैंकका कर्मचारी र धितो मूल्यांकनकर्ताको भूमिकामाथि छानबिन सुरु भएको जनाइएको थियो ।

कर्जाका लागि पेश गरिएको जग्गाको वास्तविक बजार मूल्य १६ लाख ५० हजार रुपैयाँ मात्रै रहेको विवरण सार्वजनिक भएपछि प्रकरण थप विवादमा परेको थियो । सरकारी कार्यालयका छाप र कर्मचारीका हस्ताक्षरसमेत किर्ते गरिएको आरोपपछि भूमि प्रशासन कार्यालय र महोत्तरी प्रशासनले समेत चासो देखाएका थिए ।

घटनापछि राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यालयले आन्तरिक छानबिन अघि बढाउँदै सम्बन्धित पाँच कर्मचारीलाई विभिन्न शाखामा सरुवा गरेको थियो । तत्कालीन शाखा प्रबन्धक प्रदीपकुमार झालाई मधेश प्रदेश कार्यालय वीरगञ्ज, सहायक शाखा प्रबन्धक प्रिया झालाई मिर्चैया तथा राकेश यादवलाई लालबन्दी शाखामा सरुवा गरिएको थियो । रोशन चौधरी र अजयकुमार यादवलाई क्रमशः कलैया र वीरगञ्ज शाखामा पठाइएको थियो ।

जलेश्वर र बलवा शाखाका घटना प्रकृतिका हिसाबले फरक भए पनि दुवैले राष्ट्रिय वाणिज्य बैंकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितामाथि प्रश्न उठाएका छन् । जलेश्वरमा कर्जा प्रवाह गर्दा कागजात, धितो र रोक्का प्रमाणीकरण प्रणालीमाथि प्रश्न उठेको थियो भने बलवामा अनधिकृत कारोबारको जानकारी पाएपछि पनि खातामा रहेको बाँकी रकम सुरक्षित हुन नसकेको आरोप छ ।

एउटा घटनामा बैंकबाट ठूलो रकम बाहिरिँदा कागजात प्रमाणीकरण प्रणालीमाथि प्रश्न उठेको छ भने अर्को घटनामा खाताबाट अनधिकृत रकम निकालिएपछि तत्काल सुरक्षा प्रतिक्रिया किन प्रभावकारी हुन सकेन भन्ने प्रश्न पीडित पक्षले बैंकमाथि गरेको छ ।

# २८ किलो गाँजा तस्करलाई १० वर्ष कैद

**टुडे समाचारदाता**

गौर । भारत बिहार राज्यको एउटा अदालतले लागुऔषध गाँजा तस्करीमा संलग्न रहेको अभियोगमा तीन जनालाई जनही १० वर्ष कैद र एक लाख जरिवानाको फैसला गरेको छ ।



बिहारको पूर्वी चम्पारण जिल्लाको मोतिहारी जिल्ला अदालतले आफ्नो फैसलामा १० वर्ष सश्रम कैद र एक लाख रुपैया जरिवाना ठहर गरेको छ ।दोषीहरुले नगद जम्मा गर्न नसके त्यसबापत थप ६ महिना सजाय काट्नु पर्ने अदालतले प्रष्ट गरेको छ ।

बिहारकै हरसिद्धि थाना क्षेत्रको मुंशी बजार निवासी अंकित कुमार, कमलजीत कुमार र रितु कुमारलाई प्रहरीले बरामद गरिएको २८ किलो तीन सय ग्राम गाँजा सहित अदालतमा पेश गरेको थियो ।

मोतीहारीको एनडीपीएस अदालत-२ का विशेष न्यायाधीश बृजेश कुमारको इजलासले तीनै जनालाई समान किसिमको दोषी ठहर गर्दै सजाय फैसला गरेको छ ।

उनीहरु बिरुद्ध प्रहरीले लगाएको कयौं धारालाई टेकेर अदालतले सजायको फैसला गरेको छ ।

नेपालबाट हुण्डाई कारको सिटमुनी लुकाएर लगिएको गाँजालाई आदापुर हरपुरको तत्कालीन थानाध्यक्ष किशन कुमार पासवान नेतृत्वको टोलीले एउटा पेट्रोलपम्प नजिक शंकाष्पद हुण्डाई कारको चेकजाँच गर्दा त्यस भित्र लुकाई रहेको अवस्थामा २८ किलो तीन सय ग्राम गाँजा बरामद गरेका थियो ।

सन् २०२५ जनवरी १६ तारेखमा प्रहरीले गाँजा सहित नियन्त्रणमा लिएर मुद्दा चलाइएका अभियुक्तहरुको विषयमा अदालतको फैसला आएको छ ।

प्रहरीले दोषीहरु विरुद्ध अदालतमा सात जना साक्षी, बरामद भएको गाँजा र कार समेत प्रमाणको रुपमा पेश गरेको थियो ।

अदालतको फैसलाले लागुऔषधको तस्करीमा लागेकाहरुलाई त्रसित बनाएको छ । गाँजाको मुल्यांकनको भन्दा त्यसको असरलाई दृष्टिगतगरि फैसला आएको कानुन व्यवसायीहरुले बताएका छन् ।

नेपालबाट भारी परिमाणमा अवैध रुपमा गाँजा भारत तर्फ तस्करी हुँदै आएको छ । नेपालको केहि पहाडी जिल्लामा गाँजाको अबैध खेती हुने गरेको छ । त्यो गाँजा भारत तर्फ तस्करी हुँदै आएको छ । बिहारमा राज्य सरकारले मदिरा निषेध गरेपछि गाँजाको तस्करीमा भारी बृद्धि भएको तथ्यांकबाट देखिन्छ । नेपाली भूभागमा समेत भारी परिमाणमा गाँजा बरामद हुने गरेको छ ।

> नेपालबाट हुण्डाई कारको सिटमुनी लुकाएर लगिएको गाँजालाई आदापुर हरपुरको तत्कालीन थानाध्यक्ष किशन कुमार पासवान नेतृत्वको टोलीले एउटा पेट्रोलपम्प नजिक शंकाष्पद हुण्डाई कारको चेकजाँच गर्दा त्यस भित्र लुकाई रहेको अवस्थामा २८ किलो तीन सय ग्राम गाँजा बरामद गरेका थियो ।

मदिरामा सरकारले रोक लगाएपछि गाँजाको सेवन र बिक्रीमा बृद्धि भएसँगै नेपालबाट तस्करी बढेको छ । गाँजा तस्करीलाई नियन्त्रण गर्न नेपाली र भारतीय सुरक्षाकर्मीहरुलाई हम्मेहम्मे भएको छ ।

नेपालबाट गाँजा र मदिरा बिहारमा तस्करी भएको भन्दा भारी परिमाणमा भारतबाट लागुऔषध नेपालमा तस्करी भएर आउने गरेको छ ।

लागुऔषध तस्करीमा नेपाल र भारतका कयौं ठूला गिरोहहरु सकृय छन् । नेपाल र भारतीय सीमावर्ती जिल्लाका उच्च अधिकारीहरुबीच हुने बैठकमा लागुऔषध प्रमुख मुद्दा बन्ने गरेको छ । दुबै देशका अधिकारीहरुले नियन्त्रणका लागि प्रतिबद्धतापनि व्यक्त गर्छन् । तर दुबै देशमा लागुऔषधको तस्करी नियन्त्रण हुन सकेको छैन ।


भारतीय सीमावर्ती क्षेत्रबाट नेपालमा भारी परिमाणमा तस्करी भएर आउने लागुऔषध संघीय राजधानी काठमाण्डु सम्म पुग्ने गरेको छ । लागुऔषधको तस्करीले दुबै देशको सीमावर्ती भेगका युवाहरु कुलतमा फसेका छन् ।

अदालतको आदेशले तस्करहरुलाई अझै कडा सजाय हुन सक्ने सम्भावना बढेको छ । करिब साढे २८ किलो गाँजाको तस्करी गर्ने तीन जनालाई १० वर्ष कैद र एक लाख जरिवाना हुन सक्ने नजिर स्थापना भएपछि त्यो भन्दा बढी परिमाणमा गाँजा बरामद भए स्वभाविक रुपमा सजाय पनि बढ्ने कानुनविद्हरुको कथन छ ।

लागुऔषधको धन्धामा संलग्न रहेकाहरुलाई हदै सम्मको सजाय हुने भए तस्करीमा लागेकाहरु भयभित भएर अर्को पेशा गर्न सोच्न बाध्य हुने बताइन्छ ।

हुन त हालै भारतको दिल्लीबाट बिहारको समस्तीपुर आउने क्रममा एक जना किशोरीलाई ७५ लिटर विदेशी रक्सी सहित सुरक्षाकर्मीले नियन्त्रणमा लिएको छ । विहारको दरभंगा जिल्लाकी निवासी नेहा झा र उनका एकजना नातेदार युवकलाई पक्राउ गरी कारबाहीको प्रक्रिया अगाडि बढाएको छ ।

बिहारमा मदिरा निषेधले नेपालबाट गाँजा र मदिराको तस्करीमा व्यापक बृद्धि भएको छ । तर त्यो भन्दा पनि भारतबाट आउने लागुऔषधमा बृद्धि भएको बताइन्छ ।

# रसुवा बाढीको क्रन्दन र ककपिटको संघर्षमा क्याप्टेन प्रिया



रसुवा । दशौँ हजार नागरिकलाई प्रभावित तुल्याएको भदौ १० गतेको बाढीको कहर सम्झँदा रसुवावासीको आङ सिरिङ्ग मात्र होइन, एकैपटक आँखा रसाउँछ अनि मन भक्कानिन्छ । हिमाली क्षेत्रबाट कल्पना नै गर्न नसकिने गरी उर्लेर आएको भीषण बाढीले रसुवा भोटेकोशी र त्रिशूली नदी किनारका सुन्दर बस्ती र भूगोललाई क्षणभरमै क्षतविच्छेद तुल्यायो ।

नेपाल-चीनबीच रहेको केरुङ अन्तरराष्ट्रिय नाकास्थित दुवै देशका महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीको हताहत भयो भने दशकौं लगाएर तयार गरिएका भौतिक पूर्वाधारसम्बन्धी संरचना पनि एकैसाथ ढले । नदी किनारका सुन्दर बस्तीहरू खण्डहरमा परिणत भयो । ती ठाउँ सञ्चार र सडक सञ्जालबाट पूर्ण रूपमा विच्छेद भए । त्यस बाढीमा परी हराइरहेकामध्ये एक हजार ३६७ जनाको शव प्राप्त भएको छ ।

मानसरोवर र गोसाइँकुण्डको तीर्थयात्रमा रहेका ५०० भन्दा बढी विदेशी नागरिकको ज्यान गयो । त्यस बाढीमा परी पाँच हजारभन्दा बढी नागरिक अहिले सम्पर्कविहीन छन् । त्यस क्षेत्रबाट हालसम्म बाढीप्रभावित १३ हजार ६४६ को उद्धार गरिएको छ । बाढीसँगै आएको लेदोसहितको छालले विद्यालयमा पढिरहेका विद्यार्थी, डयुटीमा खटिरहेका सुरक्षाकर्मी, घरधन्दा गरिरहेका गृहणी, व्यापार व्यवसाय गरिरहेको नागरिक, सुरुङमा काम गरिरहेका इन्जिनियर, मजदुरसहित ठूलो सङ्ख्यामा सर्वसाधारणको ज्यान लियो । त्यस क्षेत्रका सडक भत्केर खोचमा परिणत भए ।

चारैतिर हिलोको साम्राज्यजस्तो भयो । दुवै नदी किनारका क्षेत्र सिमेन्ट प्लास्टर गरेको मैदानजस्तो भयो । बाढीको त्यस खालको क्रन्दनबाट परिवार, आफन्त र धनमाल गुमाएका रसुवावासीको आँसु, चित्कार र कोलाहलकाबीचमा रसुवावासीका लागि हेलिकप्टरको उडान नै बाँच्ने र बचाउने एकमात्र जीवनको आधार बन्न पुग्यो ।

बाढीको उग्ररुपले प्रभावित क्षेत्रका सबै खाले पुलपुलेसो बगाएकाले वारि-पारि तथा ओल्लोबाट पल्लोगाउँ पुग्ने विषय कल्पना बाहिर थियो । यही विभिषिका र त्रासदीको भूमरीका बीच रसुवाको अस्थायी हेलिप्याडमा हेलिकप्टर चालक क्याप्टेन प्रिया उत्रनुभयो । त्यस दिनको घटनाको स्मरण गर्दै उहाँ भन्नुहुन्छ, "मेरो वरिपरि रोइरहेका आफन्तहरू, पहिरोमा पुरिएर घाइते भएकाको छटपटी र टोलाइरहेका वृद्धवृद्धाको भीड थियो । मौसम असाध्यै प्रतिकूल थियो । बाक्लो कुहिरो र कालो बादलले रसुवाका अप्ठ्यारा पहाडका टाकुरालाई पूर्ण रूपमा ढाकेका थिए । हावाको गति तीव्र थियो । यस्तो अवस्थामा उडान भर्नु भनेको सिधै मृत्युको ककपिटमा बस्नुसरह थियो ।"

त्यस बेला बाढीप्रभावित क्षेत्रमा उद्धार टोली र स्थानीय आकाशतिर हेर्दै प्रार्थना गरिरहेका थिए । ठीक त्यही निसासिँदो बादललाई चिर्दै, पहाडका कापबाट जोगिँदै धुञ्चेको आकाशमा एउटा हेलिकप्टर ओर्लियो । ब्लेडको कानै खाने आवाजका बीच हेलिकप्टर भुइँमा टेक्यो र ककपिटको ढोका खुल्यो । सैनिक पोसाकजस्तै कडा मिहिनेत झल्किने पोसाक, एभिएटर चश्मा र अनुहारमा एउटा गम्भीर एकाग्रता बोकेर ककपिटबाट उहाँ ओर्लिनुभएको थियो ।

मैले प्रियालाई धेरै नजिकबाट नियाल्ने मौका पाएँ । उहाँको अनुहारमा न त कुनै थकान देखिन्थ्यो, न त मौसमको त्यो डरलाग्दो रूपप्रतिको भय । उहाँको आँखा र सोच थियो त केवल, "कसरी छिटोभन्दा छिटो घाइते र जोखिममा परेकालाई सुरक्षित स्थानमा पुर्याउने", भन्ने दृढ मानवीय सङ्कल्प । हेलिकप्टरको इन्जिन बन्द नहुँदै उहाँ आफैँ हिलोमा कुदै अघि बढ्नुभयो । पहिरोले क्षतविक्षत भएका वृद्धवृद्धालाई पिठ्युँमा बोक्न सघाउनेदेखि रोइरहेका बालबालिकालाई फकाएर हेलिकप्टरभित्र सिटमा बाँध्नेसम्मको काममा उहाँ आफैँ खटिएकी खटिनुभयो । पहिरोको हिलो र पीडितको आँसुका बीच उहाँले त्यो सक्रियता साच्चिकै मानवीयताले भरिएको देखिन्थ्यो ।

सामान्य अवस्थामा हिमाली र पहाडी भेगमा एक-दुई पटक उडान भर्न पनि पाइलटहरूले निकै कसरत र मौसमको पर्खाइ गर्नुपर्छ । तर, रसुवाको त्यो असाध्यै कठिन भूगोल, साँघुरो उपत्यका र कतिपय अवस्थामा शून्य प्रायः भिजिबिलिटी (दृश्यता) का बीच पनि प्रियाले दैनिक १० पटकसम्म उडान भनुभयो । एकपटक उड्नु, घाइतेलाई काठमाडौँ वा सुरक्षित अस्पताल पुर्याउनु अनि फेरि तुरुन्तै रसुवाको जोमखिमयुक्त आकाशमा फर्किनु यो कुनै सामान्य व्यावसायिक जिम्मेवारी मात्र थिएन, वीरलै देखिने साहस थियो ।

प्रत्येक पटक हेलिकप्टर आकाशतर्फ उड्दा भुइँमा बस्नेहरूका आँखामा आशाको त्यान्द्रो पलाउँथ्यो भने उहाँ फर्किंदा कयौँको जीवन जोगिइसकेको हुन्थ्यो । उडान र उद्धारको एउटा छोटो विश्रामका बेला मैले हेलिप्याडको कुनामा प्रियासँग नजिकै पुगेर कुराकानीको प्रयास गरे ।

हेलिकप्टरको इन्जिनको चर्को आवाज र हावाको बेगका बीच उहाँले आफ्नो पसिना पुछ्दै भन्नुभयो, "जब म ककपिटमा बस्छु र कप्टरले जमिन छाड्छ, मलाई मेरो अगाडिको खराब मौसम वा खतराको महसुस नै हुँदैन । मेरो दिमाग र नजरमा केवल भुइँमा छटपटाइरहेका, उद्धारको पर्खाइमा रहेका ती निर्दोष अनुहार मात्र नाच्छन् । उनीहरूलाई समयमै बचाएर सुरक्षित ठाउँमा पुर्याउन पाउनु नै मेरो उडानको सबैभन्दा ठूलो सार्थकता र ऊर्जा हो ।" उहाँको यो आँटिलो अनि जोसिलो वाक्यले त्यहाँ उपस्थित सबैको मन ढुकढुक बनायो ।

त्यो बाढीले रसुवाको जमिन मात्र हल्लाएको थिएन, सिङ्गो देशको मन कम्पन गराएको थियो । तर, त्यो आँसु र हिलोको दलदलकाबीच क्याप्टेन प्रियाजस्ता साहसी सारथीले मल्हम लगाउने काम गर्नुभयो । दिनमा १० पटक मृत्युसँग जुध्दै जीवनको उडान भर्ने क्याप्टेन अधिकारीको साहस रसुवाको इतिहासमा र नेपाली नागरिकको मनमा सधैँ एउटा मार्गदर्शक र प्रेरणादायी कथाका रूपमा जीवित रहनेछ ।

मिस नेपालको मञ्चदेखि नेपाली आकाशसम्मको सफल यात्रा तय गरेकी क्याप्टेन प्रिया अधिकारी हालैको बाढीप्रभावित रसुवा जिल्लामा नागरिकको जीवन बचाउने महाअभियानमा अहोरात्र खटिएकी देशकै पहिलो महिला हेलिकप्टर क्याप्टेन हुनुहुन्छ ।

बाढीपछि रसुवा पुगेपछि क्याप्टेन अधिकारीको दैनिकी पूर्ण रूपमा उद्धार उडानमै व्यस्त रह्यो । यसबीचमा उहाँले १०० भन्दा बढी उद्धार उडान गर्नुभयो । विशेष गरी रसुवाको टिमुरे तथा नेपाल-तिब्बत सीमावर्ती क्षेत्रमा फसेका, घाइते भएका र अलपत्र परेका नागरिकहरूको उद्धारमा उहाँको हेलिकप्टर निरन्तर उडिनै रह्यो । रासस

# एभरेस्ट भ्यु ट्रेल रेसलाई अन्तरराष्ट्रिय मान्यता



सोलुखुम्बु । 'एभरेस्ट भ्यु ट्रेल रेस'ले अन्तरराष्ट्रिय मान्यता पाएको छ ।

सोलुखुम्बु जिल्लाको माप्य दूधकोशी गाउँपालिकाले आयोजना गर्दै आएको उक्त रेसले मान्यता पाएको हो । पर्यटन प्रवर्द्धन, प्रकृति संरक्षण र खेलकुद विकासलाई जोड दिँदै आयोजना हुँदै आएको यो साहसिक दौडले फ्रान्सको विश्वप्रसिद्ध 'अल्ट्रा ट्रेल' संस्थाबाट आधिकारिकता पाएको हो ।

अन्तरराष्ट्रिय ट्रेल धावक सङ्घले यस दौडलाई तीन अङ्क प्रदान गरेको छ । मान्यता प्राप्त दौड पूरा गरेपछि धावकले दूरी र उचाइको कठिनाइका आधारमा अङ्क पाउँछन्, जसले विश्वप्रसिद्ध अन्य ठूला अन्तरराष्ट्रिय दौडमा छनोट हुन सहयोग पुर्याउँछ ।

नेपालमा आयोजना हुने मञ्जुश्री, सिन्धुपाल्चोक र रनउकु जस्ता दौड प्रतियोगिताले यसअघि मान्यता पाइसकेका छन् । अन्तरराष्ट्रिय आधिकारिकता प्राप्तपछि गाउँपालिका अध्यक्ष बुद्धिकिरण राईले खेलकुदलाई पर्यटन, प्रकृति, संस्कृति र साहसिक यात्रासँग जोड्ने अभियानले सार्थकता पाएको बताउनुभएको छ ।

यसबाट स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई विश्वसामु पुर्याउन सहज हुने विश्वास लिइएको छ । करिब ४८ किलोमिटर लामो यो दौडको उचाइ दुई हजार ९१४ मिटर रहेको छ । दौड पूरा गर्नका लागि अधिकतम ७ घण्टा ४५ मिनेटको समय सीमा निर्धारण गरिएको छ ।

भौगोलिक रूपमा चुनौतीपूर्ण मानिएको यो दौडले धावकको सहनशीलता र क्षमताको वास्तविक परीक्षा लिनेछ । दौडको सुरुआत समुद्री सतहबाट एक हजार ८०३ मिटर उचाइमा रहेको निर्माणाधीन कोर्कु रङ्गशालाबाट महभीरतर्फ अघि बढ्नेछ ।

महभीर नेपालकै उत्कृष्ट चट्टान आरोहण र डोरीको सहारामा ओर्लिने गन्तव्यका रूपमा परिचित छ । सिलगुडी पुगेर धावकले विश्वको सर्वोच्च शिखर सगरमाथाका साथै कञ्चनजङ्घा नुम्बुर, थामसेर्कु र मेरा पिकजस्ता हिमशिखरको दृश्यावलोकन गर्न पाउनेछन् ।

दौडको सबैभन्दा उच्च बिन्दु तीन हजार १८१ मिटरमा रहेको कुधम उच्च शिविर हो, जहाँ यात्राका क्रममा धावकले मनमोहक ब्लास झरनाको समेत अनुभव गर्नेछन् । रासस

## बाढीप्रभावित विद्यार्थीलाई मनोसामाजिक परामर्शपछि मात्रै कक्षा सञ्चालन गर्न निर्देशन

काठमाण्डु । शिक्षा विभागले रसुवा जिल्लाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित विद्यालयका विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराएपछि मात्रै नियमित कक्षा सञ्चालन गर्न सम्बन्धित स्थानीय तह र विद्यालयलाई निर्देशन दिएको छ ।

शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गत शिक्षा विभागको योजना तथा कार्यक्रम शाखाले आज जारी गरेको पत्रमा बाढीका कारण प्रभावित विद्यार्थीमा भय, त्रास, तनाव तथा अन्य मनोसामाजिक असर पर्न सक्ने भएकाले नियमित पठनपाठन सुरु गर्नुअघि उनीहरूको मनोसामाजिक अवस्था बुझ्न आवश्यक रहेको उल्लेख गरिएको छ ।

विभागले सम्बन्धित विद्यालय तथा स्थानीय तहलाई स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीसँग समन्वय गरी विद्यार्थीहरूको मनोसामाजिक अवस्था पहिचान गर्न अनुरोध गरेको छ । आवश्यकता देखिएमा विद्यार्थीलाई मनोसामाजिक परामर्श तथा आवश्यक सहयोग उपलब्ध गराई उनीहरू नियमित कक्षा सञ्चालनका लागि तयार भएको सुनिश्चित गर्नुपर्ने विभागको भनाइ छ । त्यसपछि मात्रै नियमित पठनपाठन सञ्चालन गर्न व्यवस्था मिलाउन विभागले अनुरोध गरेको छ । रासस

# मानसिक स्वास्थ्य समस्याबारे सचेतना जगाउँदै प्रदेश सरकार



कर्णाली । कर्णाली प्रदेश सरकारले मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखी सचेतना कार्यक्रम अगाडि बढाएको छ । पछिल्लो समयमा समाजमा मानसिक स्वास्थ्य समस्या बढ्दै गएको पाइएपछि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले पहिचान, उपचार र नियन्त्रणमा बढी जोड दिँदै आएको छ । मन्त्रालयका अनुसार त्यस समस्या ग्रामीण भेगभन्दा सहरी क्षेत्रमा बढी देखिएको छ । मानसिक स्वास्थ्य समस्याको न्यूनीकरण तथा रोकथामका लागि मुलुकका सात प्रदेशमध्ये सबैभन्दा पहिला कर्णाली प्रदेशले मानसिक स्वास्थ्य तथा मनोसामजिक रणनीति तथा कार्ययोजना २०७९-२०८७ निर्माण गरेको हो ।

चालु आव २०८३/८४ को भदौमा नै मन्त्रालयले मानसिक स्वास्थ्य सुदृढीकरण गर्न शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक तथा जनप्रतिनिधिलाई जनचेतना गराउन थालेको छ ।

राष्ट्रिय जनगणना विसं २०७८ को अन्तिम नतिजाअनुसार कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४१२ रहेको छ । यद्यपि कुल जनसङ्ख्याको ११ प्रतिशत अर्थात् एक लाख ८५ हजार ७२५ नागरिकमा मानसिक स्वास्थ्य समस्या देखिएकाले बेलैमा रोकथाम, नियन्त्रण तथा न्यूनीकरण गर्ने उद्देश्यले सचेतना तथा अभिमुखीकरणका कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयका मानसिक स्वास्थ्य सम्पर्क व्यक्ति खगेन्द्रप्रकाश गैरेले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कर्णालीका करिब ३० हजार मानिसले अहिले पनि मानसिक रोगको औषधि लिइरहेका छन् । यो समस्या अझै एक लाख ५५ हजारमा देखिन्छ । समयमै पहिचान गरी समस्या वृद्धि हुन नदिन कर्णालीका दशवटै जिल्लामा मानसिक स्वास्थ्यका बारेमा शिक्षकलगायतका सरोकारवालाहरूका लागि सचेतना तथा अभिमुखीकरण कार्यक्रम विस्तार गरेको छ ।"

प्रदेश सरकारले यहाँका करिब छ सय स्वास्थ्यर्मीलाई कन्भर्जन डिसअर्डरसम्बन्धी तालिम दिइसकेको छ । प्रदेश सरकारले अहिले सुर्खेत पश्चिमका अति दुर्गम मानिने चौकुने गाउँपालिका र पञ्चपुरी नगरपालिकाका जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका सदस्य, शिक्षक, विद्यार्थीलगायतलाई मानसिक स्वास्थ्य, यसको बढ्दो प्रभाव, चुनौती, समस्या र रोकथामका बारेमा सचेतना तथा अभिमुखीकरण गराएको छ ।

दुवै पालिकामा प्रदेश सरकारले दुई दिन सञ्चालन गरेको उक्त कार्यक्रममा सहभागी सरोकारवालाले गरिबी, अशिक्षा, बेरोजगार, रुढीवादी संस्कार, परम्परागत मान्यता, वैदेशिक रोजगार, बढ्दो सहरीकरण, आधुनिक जीवनशैली र सामाजिक सञ्जालको चरम दुरुपयोगका कारण समाजमा मानसिक रोग बढिरहेको गएको निष्कर्ष सुनाएका थिए ।

सामाजिक सञ्जालबाट ठगिने, लुटिने, हिंसा व्यहोर्ने कारणबाट पनि मानसिक रोग बढ्ने अवस्था सृजना भइरहेको नवज्योति मावि चौकुनेका प्रधानाध्यापक भानुभक्त घिमिरेले बताउनुभयो ।

उक्त विद्यालय कक्षा १२ अध्ययनरत छात्रा सृष्टि देवकोटाले परिवार र विद्यालय दुवैले विशेषगरी बालिकाका समस्यालाई गहिरो तरिकाले बुझ्ने चेष्टा नराख्दा पछिल्लो समयमा बालिका चिन्ता, तनाव र निराशा बढिरहेको प्रतिक्रिया दिनुभयो । सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठले नेपालमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई प्रभावकारी बनाउन राष्ट्रियस्तरमा विभिन्न रणनीति तथा नीति अवलम्बन गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "समयको चापका कारण आज हरेक व्यक्ति मानसिक रोगी भएको छ । स्वस्थ्य मन भएमात्र सफल काम र स्वस्थ समाज निर्माण हुनसक्छ । तसर्थ, समाजमा खुलेर कुरा गरौँ, दृष्टिकोण बदलौँ, पूर्वाग्रह त्यागौँ, आशा जगाऔँ, जीवन बचाऔँ, आत्महत्या प्रयास गरेका व्यक्तिप्रति समानुभूतिपूर्वक व्यवहार गरौँ, बाँच्न उत्प्रेरित गरौँ र मानसिक स्वास्थ्य समस्या रोक्न खुलेर संवाद गरौँ । यसमा सरकार गम्भीर भएर लागेको छ ।"

मानसिक स्वास्थ्यमा आएको समस्याका कारण मानिस मानिसक रूपमा विचलन भएको वा आत्महत्याको बाटो रोजेको पाइएको छ । मन्त्रालयका अधिकृत महेश शर्माले कर्णाली प्रदेशमा आव २०८२/८३ मा आत्महत्या गर्नेको संख्या ३०५ रहेको बताउनुभयो ।

त्यसमध्ये १४९ पुरुष, ८१ महिला, ३३ बालक र ४२ बालिका रहेका छन् । यसमा सबैभन्दा बढी झुन्डिएर १३५ पुरुष, ६८ महिला, ३० बालक र ४२ बालिकाले आत्महत्या गरेको तथ्याङ्क उहाँले प्रस्तुत गर्नुभयो । आत्महत्याका घटना खासगरी आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक कारणले हुने गरेको पाइएको छ ।

कर्णाली प्रदेश अस्पताल सुर्खेतका मानसिक रोग विशेषज्ञ डा सुशील समदर्शीले समाजमा हुने सबै खाले विभेद, दुर्व्यवहार, गलत प्रचलन तथा संस्कारको अभ्यासका कारण मान्छेमा बैराग्यता, निराशा, डर, तनाव, चिन्ता पैदा हुँदा व्यक्तिको मानसिक स्वास्थ्यमा समस्या देखिने गरेको बताउनुभयो । पछिल्ला वर्षमा मानसिक रोगका कारण आत्महत्याका घटना बढ्दै गएकाले त्यसको रोकथाममा सरकारले बलैमा ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

चौकुने गाउँपालिकाका अध्यक्ष खड्गबहादुर विकले मानसिक स्वास्थ्य समस्या स्वस्थ, शान्त र समृद्ध समाज निर्माणको डरलाग्दो चुनौती भएकाले समाजमा भित्रभित्रै सल्किदै गएको बताउनुभयो । अध्यक्ष विकले मानसिक स्वास्थ्य समस्याको रोकथाम तथा न्यूनीकरणमा तीनै तहको साझा पहल र प्रयास हुनुपर्नेमा जोड दिनुभयो ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका मनोविद् अधिकृत लक्ष्मीमाया तामाङले बदलिँदो जीवन परिवेश, शैली र त्यसप्रति मान्छेको वेवास्तग्रहीपनले मानसिक रोगको समस्या बढ्न थालेको तर्क गर्नुभयो ।

शिक्षा विकास निर्देशनालय सुर्खेतका निर्देशक दीपा हमालले विशेषगरी बालिका महिनावारी हुँदाको समस्या परिवार र विद्यालय दुवैले राम्रोसँग नबुझ्दा, दुर्व्यवहार एवं विभिन्न खाले हिंसा तथा तनाव भोग्नुपर्ने बाध्यताले पनि त्यसलाई प्रभाव पारिरहेको बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज घरेलु समस्याले केही सताउन सक्छ । |
| वृष : | तपाईको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ । |
| मिथुन : | आर्थिक मामिलामा आज विशेष सतर्कता अपनाउनुहोला । |
| कर्कट : | दिनको सुरुवाती समय अनुकूल रहे पनि मध्यान्हपछि खर्च बढ्न सकछ । |
| सिंह : | नयाँ कार्यको थालनी गिर्नका लागि समय अति उत्तम रहेको छ । |
| कन्या : | वैदेशिक क्षेत्रसंग सम्बन्धित कामहरुमा केही ढिलासुस्ती हुन सक्छ । |
| तुला : | आयस्रोतका नयाँ बाटोहरु खुल्नेछन् भने रोकिएका धन उठ्नेछ । |
| वृश्चिक : | कार्यक्षेत्रमा तपाईको जिम्मेवारी र क्षमताको उच्च कदर हुनेछ । |
| धनु : | भाग्यले पूर्ण रुपमा साथ दिने हुनाले धार्मिक था आध्यात्मिक कार्यमा मन जानेछ। |
| मकर : | सवारी साधन चलाउँदा वा जोखिमपूर्ण कार्य गर्दा विशेष ध्यान दिनुहोला । |
| कुम्भ: | साझेदारी व्यवसायमा ठुलो सफलता हुनेछ। |
| मीन: | कार्यक्षेत्रमा प्रगति हुनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# गाँजा तस्करी आरोपमा एकलाख जरिवाना र १० वर्ष कैद सजाय



**टुडे समाचारदाता**

रौतहट । नेपालबाट २८ किलो गाँजा तस्करी गरेको आरोपमा पक्राउ परेकाहरुलाई तीन जनालाई मोतिहारी जिल्ला अदालतले जनही एक लाख रुपैयाको दरले जरिवाना र १० वर्ष कैद सजायको फैसला सुनाएको छ।

भारतको बिहार स्थित पूर्वी चम्पारण मोतीहारी जिल्ला अदालतले तीन जनालाई जनही १० वर्षको सश्रम कारावासको फैसला सुनाएको छ । मोतीहारी स्थित एनडीपीएस अदालत-२ का विशेष न्यायाधीश बृजेश कुमारको इजलासले हरसिद्धि थाना क्षेत्रको मुंशी बजार निवासी अंकित कुमार, कमलजीत कुमार र रितु कुमारलाई दोषी ठहर गर्दै १०-१० वर्षको सश्रम कारावासको फैसला सुनाएको हो।

अदालतले तीनै जनालाई विभिन्न धारा अन्तर्गत जनही १ लाख भारतीय रुपैयाँ जरिवाना समेत तोकेको छ। यदी जरिवाना रकम बुझाउन नसकेको अवस्थामा थप ६ महिना कैद भुक्तान गर्नुपर्ने फैसलामा उल्लेख छ।

अदालतको फैसला १६ जनवरी २०२५ मा भएको गाँजा बरामद सम्बन्धी घटनामा आधारित छ । नेपालबाट ठूलो परिमाणमा लागुऔषध भारत तर्फ ल्याइँदै गरेको सूचना पाएपछि आदापुरको हरपुर थानाका तत्कालीन थानाध्यक्ष किशन कुमार पासवानको नेतृत्वमा प्रहरी टोली परिचालन भएको थियो।

प्रहरीले हरपुर-बैरिया चिकनी स्थित पेट्रोल पम्प नजिक एउटा हुन्डाई कार रोकेर खानतलासी गर्दा कारभित्र लुकाइएको अवस्थामा २८ किलो ३०० ग्राम गाँजा बरामद गरेका थिए। गाँजा बरामद भएपछि प्रहरीले कारमा सवार तीनै जनालाई पक्राउ गरी न्यायिक हिरासतमा पठाएको थियो।

एनडीपीएस ऐन अन्तर्गत चलेको उक्त मुद्दामा अभियोजन पक्षले अदालत समक्ष सात जना साक्षी प्रस्तुत गरेको थियो । साक्षीको बयान, उपलब्ध प्रमाण तथा दुवै पक्षको बहस सुनेपछि अदालतले तीनै जनालाई दोषी ठहर गर्दै कडा सजाय सुनाएको हो।

नेपालसँग सीमा जोडिएको बिहार क्षेत्रमा लागुऔषध तस्करी नियन्त्रणका लागि भारतीय अदालतबाट आएको यो फैसला सीमापार लागुऔषध कारोबारमा संलग्नलाई कडा कानुनी कारबाही हुने सन्देशका रूपमा हेरिएको छ।

# फरार ६ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम, २४ भदौ । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयनअन्तर्गत उनीहरूलाई खोजतलास गर्ने क्रममा बुधबार पक्राउ गरिएको हो।




पक्राउ परेका प्रतिवादीमध्ये जालसाजी मुद्दामा ३ जना, चोरी मुद्दामा १ जना तथा कुटपिट/लुटपिट सम्बन्धी मुद्दामा २ जना रहेका छन्। प्रहरीका अनुसार जालसाजी मुद्दामा अदालतबाट दुई-दुई वर्ष कैद सजाय तोकिएका तीन जना फरार थिए।

त्यस्तै, चोरी मुद्दामा ३ दिन कैद तथा जरिवाना तोकिएका एक जना र कुटपिट तथा लुटपिटसम्बन्धी मुद्दामा कैद तथा जरिवाना सजाय तोकिएका दुई जनालाई पनि पक्राउ गरिएको हो।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट सजाय तोकिएर फरार रहेका अन्य प्रतिवादीको समेत खोजी तथा पक्राउ अभियान जारी रहेको जनाएको छ।

# जसपा नेपालको आन्तरिक विवादले सांसद काफ्लेको पद नै गुम्यो

**टुडे समाचारदाता**

रूपन्देही। जनता समाजवादी पार्टी (जसपा) नेपालको आन्तरिक विवादले लुम्बिनी प्रदेश सभा सदस्य अम्बिका काफ्लेको पद गएको छ। पार्टी केन्द्रिय कमिटीले प्रदेश सरकारलाई विश्वासको मत नदिने निर्देशन गरेको थियो भने प्रदेश संसदीय समितिले सरकारको पक्षमा मतदान गर्न ह्वीप जारी गरेको थियो।




लुम्बिनी प्रदेश सभा सचिवालयले जनता समाजवादी पार्टी, नेपालकी प्रदेश सभा सदस्य अम्बिका काफ्लेलाई मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेश सभाबाट विश्वासको मत लिने क्रममा पार्टीले जारी गरेको ह्वीपसँग सम्बन्धित विषयमा पार्टी तथा संसदीय दलको निर्णय विपरीत कार्य गरेको आरोपमा कारबाही गरिएको हो।

पार्टी केन्द्रले एमाले नेतृत्वको सरकारलाई साथ नदिन निर्देशन दिएपनि संसदीय दलको निर्णयबाट सरकारमा सहभागी छ । ५ प्रदेश सभा सदस्य रहेको जसपा नेपालमा ४ जना सरकारको पक्षमा छन् भने काफ्ले मात्र विपक्षमा रहेकी थिइन्। प्रदेश सभा अधिवेशन चालु नरहेको अवस्थामा सभामुखको निर्देशन अनुसार राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३५ को उपदफा (२) तथा लुम्बिनी प्रदेश सभा नियमावली, २०७९ को नियम १९६ बमोजिम दल त्यागसम्बन्धी सूचना प्रकाशन गरिएको हो।

जसपा नेपाल लुम्बिनी प्रदेश सभा संसदीय दलको निर्णय र सिफारिसका आधारमा पार्टी केन्द्रीय समितिले काफ्लेलाई प्रदेश सभा सदस्य पदबाट निष्कासन गर्ने निर्णय गरेको थियो । पार्टीले काफ्लेले पटक पटक स्पष्टीकरणको मौका दिँदा समेत बेवास्ता गरी पार्टी तथा संसदीय दलको निर्णय विपरीत कार्य गरेको जनाएको छ।

सो निर्णयबारे जानकारी गराउँदै जसपा नेपालको लुम्बिनी प्रदेश सभा संसदीय दलको कार्यालयबाट प्रदेश सभा सचिवालयमा पत्र प्राप्त भएको थियो । उक्त पत्र सभामुखसमक्ष पेश गरिएपछि प्रदेश सभा बैठक चालु नरहेको अवस्थामा कानुनी व्यवस्थाअनुसार सचिवालयको सूचनापाटीमा सूचना प्रकाशन गर्न निर्देशन दिइएको थियो।

प्रदेश सभा सचिव दुर्लभकुमार पुन मगरले जारी गरेको सूचनामा काफ्लेको दल त्यागसम्बन्धी विवरण सार्वजनिक गरिएको उल्लेख छ। सूचनामा पार्टीले प्रदेश सभा सदस्य पदबाट निष्कासन गरेको जानकारीलाई कानुनी प्रक्रियाअनुसार सचिवालयले प्रकाशन गरेको जनाइएको छ।

# छापामारी गरी दुई थान भरुवा बन्दूक बरामद



**टुडे समाचारदाता**

बारा। बारा प्रहरीले छापामारी गरी भरुवा बन्दुक बरामद गरेको छ । जिल्लाको कोल्हबी नगरपालिका-२ स्थित कोल्हबी बाँध नजिकै रहेको एक घरमा वन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोलीले छापा मार्दा दुई थान भरुवा बन्दुकसहित वन्यजन्तुका अंग, पासो थाप्ने सामग्री तथा अवैध काठ बरामद गरेको हो।

कोल्हबी सब डिभिजन वन कार्यालयका प्रमुख वन अधिकृत कृष्ण पटेलको नेतृत्वमा खटिएको वन सशस्त्र रक्षक, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलको संयुक्त टोलीले राम बिनय दासको घरमा छापा मारेको हो।

छापाका क्रममा घरबाट दुई थान भरुवा बन्दुक, हरिणको छाला, पासो थाप्न प्रयोग हुने चार थान डोरीको जाल तथा धनेश चराको चुच्चो बरामद गरिएको कोल्हबी सब डिभिजन वन कार्यालयले जनाएको छ।

त्यस्तै, टोलीले घर परिसरबाट विभिन्न प्रजातिका चिरान काठसमेत बरामद गरेको छ। वन कार्यालयका अनुसार २८ थान चिरान काठ र एक थान काठको गोलिया गरी करिब ११ क्युफिट काठ बरामद गरिएको डिभिजनल वन अधिकृत सुजित कुमार झाले जानकारी दिए।

बरामद भएका भरुवा बन्दुक तथा वन्यजन्तुका अंगको प्रयोग अवैध सिकारका लागि गरिएको हुन सक्ने आशंकामा वन कार्यालयले घटनामाथि अनुसन्धान अघि बढाएको उनले बताए । घरधनी तथा घटनासँग सम्बन्धित अन्य व्यक्तिको खोजी र अनुसन्धानसमेत भइरहेको जनाएको छ।

बरामद गरिएका हातहतियार, वन्यजन्तुका अंग, पासो थाप्ने सामग्री तथा काठलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी नियन्त्रणमा राखिएको छ । व्यक्तिमाथि प्रचलित वन तथा वन्यजन्तु संरक्षणसम्बन्धी कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइने वन कार्यालयले जनाएको छ।

वन्यजन्तुको अवैध सिकार, संरक्षित वन्यजन्तुका अंगको ओसारपसार तथा अवैध रूपमा काठ संकलन र भण्डारणविरुद्ध निगरानी र कारबाहीलाई थप प्रभावकारी बनाइएको वन कार्यालयका अधिकारीहरूले बताएका छन्।

# एकडाराका २७५ जनालाई लालपुर्जा वितरण

**टुडे समाचारदाता**


जलेश्वर । महोत्तरीको एकडारा गाउँपालिका-६ का २७५ जनालाई गाउँ ब्लकअन्तर्गतको जग्गाको लालपुर्जा वितरण गरिएको छ।

साविक कोल्हुवा बगेया गाविसका वडा नम्बर ५, ६, ७ र ८ अन्तर्गतका २७५ जना जग्गाधनीलाई लालपुर्जा वितरण गरिएको जनाइएको छ । लामो समयदेखि जग्गा भोगचलन गर्दै आए पनि कानुनी स्वामित्वको प्रमाणपत्र नपाएका स्थानीयवासीलाई लालपुर्जा उपलब्ध गराइएको हो।

लालपुर्जा वितरण कार्यक्रममा संघीय सांसदहरू दीपक साह, उज्ज्वल झा, प्रदेश सांसद सुरिता साहलगायत जनप्रतिनिधि तथा स्थानीयको उपस्थिति थियो।

कार्यक्रममा बोल्दै संघीय सांसद दीपक साहले वर्षौंदेखि जग्गा भोगचलन गर्दै आएका नागरिकलाई लालपुर्जा उपलब्ध गराउनु राज्यको महत्वपूर्ण दायित्व भएको बताए । उनले लालपुर्जा प्राप्त भएपछि स्थानीयवासीको जग्गामाथिको कानुनी अधिकार थप सुरक्षित हुने उल्लेख गर्दै बाँकी समस्याको समाधानका लागि पनि पहल गर्ने प्रतिबद्धता जनाए।

त्यस्तै, सांसद उज्ज्वल झाले गाउँ ब्लकको जग्गा व्यवस्थापनको कामले स्थानीयको वर्षौंदेखिको समस्या समाधान भएको बताए । उनले लालपुर्जा वितरणसँगै नागरिकले आफ्नो सम्पत्तिको कानुनी सुरक्षा पाउने र आवश्यक परेको अवस्थामा त्यसको उपयोग गर्न सहज हुने धारणा राखे।



प्रदेश सांसद सुरिता साहले लालपुर्जा प्राप्त गर्नु स्थानीय नागरिकका लागि ठूलो उपलब्धि भएको बताइन् । उनले अझै पनि जग्गासम्बन्धी समस्या रहेका नागरिकको पहिचान गरी प्रक्रिया अघि बढाउन सम्बन्धित निकायबीच समन्वय आवश्यक रहेको बताइन्।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँ ब्लकको जग्गालाई कानुनी स्वामित्व प्रदान गर्ने प्रक्रिया नागरिकको हितसँग प्रत्यक्ष जोडिएको विषय भएको बताए । उनले प्राप्त प्रमाण र आवश्यक प्रक्रिया पूरा भएका जग्गाधनीलाई नियमानुसार लालपुर्जा वितरण गर्ने कार्यलाई प्रशासनले प्राथमिकताका साथ सहजीकरण गर्दै आएको उल्लेख गरे।

प्रजिअ यादवले जग्गाको लालपुर्जा पाएपछि त्यसको संरक्षण, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रियाको पालना गर्न सम्बन्धित जग्गाधनीलाई आग्रहसमेत गरे। लालपुर्जा वितरण कार्यक्रममा स्थानीय जनप्रतिनिधि, प्रशासन तथा सम्बन्धित कार्यालयका कर्मचारीको सहभागिता रहेको थियो।

लामो समयदेखि गाउँ ब्लकको जग्गाको स्वामित्व प्रमाणपत्रको प्रतीक्षामा रहेका स्थानीयले लालपुर्जा पाएसँगै आफूहरूको वर्षौंदेखिको समस्या समाधान भएको प्रतिक्रिया दिए।

# वन प्राविधिकले गरे ६१ हजार बढीको सहयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । वन प्राविधिक समाज जनकपुरधामले रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारमा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ६१ हजार ५ सय रुपैयाँ सहयोग गरेको छ । समाजमा आबद्ध व्यक्तिहरूबाट स्वेच्छिक रूपमा रकम संकलन गरी उक्त सहयोग रकम कोषमा जम्मा गरिएको समाजले जनाएको छ। विपद्को कठिन परिस्थितिमा पीडित परिवारलाई राहत उपलब्ध गराउन आफूहरूले सकेको योगदान गरेको समाजको भनाइ छ।

समाजले बाढीपीडितको पीडामा सबैले आ-आफ्नो क्षमता र सामर्थ्यअनुसार सहयोग गर्न समेत अपिल गरेको छ । संकलित रकम पीडितका लागि ठूलो समाधान नभए पनि संकटको समयमा लगाइएको मल्हमका रूपमा आफूहरूले सहयोगलाई लिएको समाजले जनाएको छ।

# जसपा नेपालका प्रदेश कोषाध्यक्ष निष्कासित

**टुडे समाचारदाता**

बुटवल। जनता समाजवादी पार्टी (जसपा) नेपालले लुम्बिनी प्रदेश समितिका कोषाध्यक्ष बच्छुलाल केवट र प्रदेश सदस्य राजकुमार लोधलाई पार्टीबाट निष्कासन गरिएको छ।

जसपा नेपाल लुम्बिनी प्रदेश समितिका अनुसार प्रदेश कोषाध्यक्ष केवटले पार्टीको नीति, सिद्धान्त, निर्णय तथा विधानविपरीत गतिविधि गर्नुका साथै पार्टीको हित र अनुशासनविपरीत कार्य गरेको आरोपमा कारबाही गरिएको हो। उनीरुपन्देहीकोगैडहवागाउँपालिकाका पूर्वअध्यक्षसमेत हुन् । त्यस्तै, लोधलाई पनि पार्टीको नीति, निर्णय तथा अनुशासनविपरीत गतिविधिमा संलग्न रहेको भन्दै कारबाही गरिएको पार्टीले जनाएको छ।

जसपा नेपालको विधान तथा प्रचलित नियमबमोजिम दुवैलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी भदौ २४ गतेदेखि लागु हुनेगरी सदस्यता तथा पार्टीका सम्पूर्ण जिम्मेवारीबाट निष्कासन गरिएको प्रदेश अध्यक्ष रामअवतार यादवले हस्ताक्षर गरेको कारबाही पत्रमा उल्लेख छ।





## श्री रामानन्दन विशेश्वर महेन्द्र क्याम्पस
### जलेश्वर, १ महोत्तरी
### करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२५)

श्री रामानन्दन विशेश्वर महेन्द्र क्याम्पस, जलेश्वर-१, महोत्तरीले स्नातक तहका कार्यक्रमका लागि करार सेवामा देहाय बमोजिमका पदहरूमा १५ दिनभित्र (प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२५) योग्य नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरेको छ। अन्य विवरणको लागि क्याम्पसमा सम्पर्क राख्नुहोला।

**१. माग गरिएका पदहरू**

| क्र.सं. | पद | विषय/क्षेत्र | पद संख्या | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | अध्यापक | नेपाली | १ | १५००/- |
| २. | अध्यापक | अङ्ग्रेजी | १ | १५००/- |
| ३. | अध्यापक | हेल्थ | १ | १५००/- |
| ४. | अध्यापक | फाइनान्स/वित्त | १ | १५००/- |
| ५. | गुणस्तर आश्वासन सहायक | स्नातक | १ | १०००/- |
| ६. | कम्प्युटर अपरेटर | प्राविधिक | १ | १०००/- |

**२. न्यूनतम योग्यता :**
- **प्राध्यापक/अध्यापकः** सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण । अध्यापन अनुभव, अनुसन्धान, प्रकाशन र प्रविधिमैत्री शिक्षण अनुभव भएकालाई विशेष प्राथमिकता।
- **गुणस्तर आश्वासन सहायकः** कम्तीमा स्नातक उत्तीर्ण। शैक्षिक तथा भौतिक गुणस्तर व्यवस्थापन, प्रतिवेदन, MS Office Google Workspace को ज्ञान।
- **कम्प्युटर अपरेटरः** +२/प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण र कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त।

**३. आवश्यक कागजातहरू :**
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यता र ट्रान्सक्रिप्टको प्रतिलिपि
- सम्बन्धित परिषद् दर्ता प्रमाणपत्र (आवश्यक भएमा)
- अनुभव तथा तालिम प्रमाणपत्रहरू
- अद्यावधिक बायोडाटा (CV) र पासपोर्ट साइज फोटो

**४. छनौट प्रक्रियाः**
- योग्पता मूल्याङ्कन र Short–listing
- लिखित, प्रायोगिक परीक्षा र अन्तर्वार्ता
- आवश्यक परे Demonstration/Teaching Presentation


**५. आवेदन बुझाउने विवरण**
- स्थान : श्री रामानन्दन विशेवर महेन्द्र क्याम्पस, जलेश्वर-१
- अन्तिम मितिः २०८३/०६/०८ सम्म (साधारण), मिति २०८३/०६/१५ सम्म (दोब्बर दस्तुर)

**सम्पर्क नं.** : ९८५४०३३०९०/९८४४९५७०००

**इमेल**: rb2037jaleshwar1@gmail.com

**विशेष सूचना**
- म्याद नाघेका वा अपूरो निवेदन स्वीकृत गरिने छैन। झुट्टा विवरण पेश गरेमा आवेदन/नियुक्ति रद्द हुनेछ।

**क्याम्पस प्रमुख**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संशोधनको पर्खाइमा संविधान

२०७२ सालमा संबिधान सभाबाट जारी भएको नेपाल अधिराज्यको संविधान २०८२ सालको जेनजीको आगोबाट त जोगियो । तर संविधान संशोधनको पर्खाइमा छ । जेन-जी आन्दोलनको क्रममा भएको राजनीतिक उथलपुथलको बेला संविधानको ठाढो बलात्कार भयो । कयौँ सहमति र सम्झौताहरु संविधानको बर्खिलाप भयो । देशको संसद बिघटन भए । बिघटनपछि देशमा अन्तरिम सरकार गठन भयो । अन्तरिम सरकारको नेतृत्व गर्ने पूर्व प्रधानान्यायाधिश सुशीला कार्कीले निर्धारित समयमा चुनाव गराउन सफल भइन् । अन्तरिम सरकारको ६ महिनामा संविधानको मर्म र भावना विपरीत कयौँ कार्यहरु भए । एक प्रकारले संविधान थन्काइएको थियो । देशमा अन्योलको अवस्था थियो । राजनीतिक दलका नेताहरुमाथि अनेक प्रकारका अभियोग र आरोपहरु लगाइएको थियो । देशमा चुनाव नहुँदा के हुने ? भने प्रश्न उठेको थियो । संविधानलाई नै समाप्त गर्ने चर्चा पनि कम भएन । त्यसपछि भएको चुनावबाट प्रतिनिधि सभा स्थापित भयो । चुनावमा नेताहरुले संविधान संशोधनमा निकै जोड दिए । संविधानलाई संशोधन गर्नुपर्ने माग नयाँ होइन । संविधानको कयौँ महत्वपूर्ण धाराहरु संशोधन गर्न आवश्यक भइसकेको छ । संविधान संशोधनको नारा दिएको केही दल पाखा लागेका छन् । केही दल विपक्षमा छन् । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) दुई तिहाइ बहुमत नजिक पुगेको छ । संविधान संशोधनको क्रममा विषय अनुसार सरकारले अन्य दलहरुबाट समेत समर्थन पाउने निश्चित छ । सरकारले संविधान संशोधनको लागि अगाडि बढे संशोधनको उद्देश्य र संविधानको मर्मको आधारमा केही दलले समर्थन दिने विश्वास सरकारलाई दिलाउँदै आएको छ । संविधानलाई सर्वस्वीकार्य बनाउन संशोधन आवश्यक छ । जेन- जी आन्दोलनको भावनालाई पूर्णरुपमा कार्यान्वयन गर्न पनि संविधान संशोधन आवश्यक छ । मधेशी, आदीवासी, जनजाती लगायतको मागलाई सम्बोधन गर्न पनि संविधान संशोधन आवश्यक छ । संविधानलाई अकाट्य राख्न हुँदैन । समयानुकूल ढंगले परिवर्तन गर्नुपर्छ । संविधानलाई संशोधन गर्ने प्रतिबद्धता वर्तमान सरकारले जनाएको छ । तर हालसम्म त्यसतर्फ कार्य अगाडि बढेको छैन । संविधान संशोधनका लागि सरकारले बृहत्त सहमति जुटाउनु पर्छ । देशलाई द्रुतगतिमा अगाडि बढाउन संविधानको कयौं धारालाई संशोधन गर्न आवश्यक होला । जेन- जीको भावना देशमा सरकार बनाउने मात्र थिएन । देशमा समुल परिवर्तनको लागि भएको भीषण आन्दोलनको उपलब्धिका लागि संविधान संशोधन आवश्यक छ । गत वर्ष संविधान जोगाउन राष्ट्रपतिको भूमिका पनि सकारात्मक थियो । तर संविधानलाई पूनर्लेखन गर्न अब ढिला नगरौँ । संविधानमा सच्चयाउनु पर्ने धेरै धाराहरु छन् । ती धाराहरुलाई सच्चयाएर प्रादेशिक संरचनालाई समेत अधिकार सम्पन्न बनाउनु पर्छ । संविधान संशोधनमा अझै ढिलाइ गर्ने हो भने, अब फेरि आन्दोलन भए संविधान समेत तहस नहस हुन सक्छ ।

# एक वर्षपछि भदौ २३ : सरकार बदलियो, राज्यको चरित्र बदलियो त ?



महेश्वर दाहाल

जेनजी आन्दोलन एक वर्ष पूरा भएको छ । यही बेला डा. मधु घिमिरेले गत भदौ २४ गतेको घटनालाई स्मरण गर्दै फेसबुकमा लेख्नुभएको एउटा स्टाटसले मलाई झल्याँस्स बनायो । उहाँले लेख्नुभएको छ, "गत २०८२ भदौ २४ गते नेपाली सेनाको वास्तविक गल्ती चाहिँ दुईचार बदमास् नेता भनाउँदा भ्रष्ट व्यक्तिहरूलाई बचाउनमा लाग्नु तर देशका महत्वपूर्ण संरचनाहरूको संरक्षणमा नलाग्नु नै हो । यी चोरहरूलाई जनताको हातमा छोडिदिएर भौतिक संरचनाहरूको संरक्षण सराहनीय हुने थियो ।"

लोकतान्त्रिक आन्दोलनमा जोडिएको एक चिकित्सकको यो टिप्पणी एक वर्षअघिको घटनामाथिको पुनःसमीक्षा हो । त्यसैले तत्कालको आवेग मात्र भनेर यसलाई बुझ्नु हुँदैन । एक वर्षको राजनीतिक यात्रापछि गरिएको मूल्यांकनका रूपमा हेर्दा भदौ २३ र २४ को आन्दोलनको मूल प्रश्न अझै जीवित छ । पुराना भ्रष्ट नेताहरूको अझै ताउरमाउरले त्यो आन्दोलनलाई गिज्याइरहेको छ ।

यो एक वर्षमा नेपालमा सरकार बदलियो । निर्वाचन भयो । मतदाताले आफ्नो फैसला सुनाए । पुराना राजनीतिक समीकरण कमजोर भए । नयाँ राजनीतिक शक्तिको प्रभाव बढ्यो । तर आज पनि मुख्य प्रश्न उही छ, एक वर्षअघि सडकले उठाएको प्रश्नको राजनीतिक जवाफ आयो कि सरकारको अनुहार मात्र बदलियो ? जेलमा पुग्नुपर्ने भ्रष्ट नेता तथा भ्रष्ट उच्च अधिकारीहरू अझै त्यसलाई आत्मसात गरेका छैनन् र वदला लिने मानसिकताका साथ आफूलाई पुनर्संगठित गर्दै हिजोको लूटको स्वर्ग फर्काउन दिवास्वप्न देखिरहेका छन् । असफल प्रयास गरिरहेका छन् ।

हामीलाई थाहा छ, भदौ २३ कुनै एउटा घटनाबाट अचानक जन्मिएको विद्रोह थिएन । त्यो वर्षौंदेखि समाजभित्र जम्मा भइरहेको असन्तोषको विस्फोट थियो । भ्रष्टाचार, सत्ता र शक्तिको दुरुपयोग, परिवारवाद, राजनीतिक संरक्षण र आफ्नै भविष्यप्रति निराश हुँदै गएको पुस्ताको आक्रोश लामो समयदेखि सञ्चित थियो । सामाजिक सञ्जाल बन्द गरिनु तत्कालीन 'ट्रिगर' बन्न पुग्यो । तर विस्फोटका लागि बारुद पहिल्यै तयार थियो ।

जसरी जमिनमुनि लामो समयदेखि शक्ति सञ्चित भएपछि भूकम्प आउँछ, त्यसैगरी समाजभित्र लामो समयदेखि पाकिरहेको असन्तोष एउटा कारण पाएपछि सडकमा विस्फोट भएको हो । त्यसैले भदौ २३ लाई सुनियोजित घटनाका रूपमा मात्र व्याख्या गर्नु इतिहासप्रति अन्याय हुन्छ । मूलतः यो पुरानो राजनीतिक संस्कारविरुद्धको सशक्त विद्रोह थियो ।

दशकौँदेखि सत्ताको वरिपरि घुमिरहेका उही अनुहार, उही भाषण, उही आश्वासन र उही शैलीको शासनबाट नागरिक वाक्कदिक्क भएर थाकिसकेका थिए । भ्रष्टाचारका आरोप लागेका नेतामाथि कारबाही नहुने, राजनीतिक पहुँच हुनेलाई राज्य संयन्त्रले फरक व्यवहार गर्ने र जनताको जीवन बदल्नेभन्दा सरकार बनाउने, जोगाउने घिनलाग्दो विचारहीन राजनीति घुमिरहने अवस्थाले नयाँ पुस्तामा ठूलो वितृष्णा पैदा गर्‍यो ।

यो असाध्यै रोग शीर्ष नेतामा मात्र पनि थिएन । त्यसपछिका अधिकांश नेताहरू पनि आशको राजनीतिक संस्कारमा सत्ताको चास्नीमा डुबेकै थिए । भलै उनीहरूले राष्ट्रिय स्वाधीनता खतरामा परेको, लोकतन्त्रमाथि आक्रमण भइरहेको ठूलो आवाजमा बताइरहेका हुन्थे । एक समय सकारात्मक भूमिकाका साथ आएका र परिवर्तनको नेतृत्व गर्नुपर्ने पार्टीभित्रकै युवा पुस्ताको एउटा हिस्सा पनि पुरानो नेतृत्वसँग प्रश्न गर्नेभन्दा त्यही नेतृत्वको संरक्षण र राजनीतिक संस्कारभित्र हुर्किए । उनीहरूकै लालनपालनमा, दूध खुवाएर नै हुर्काइए । ती पनि भ्रष्टाचार र अनेक काण्डमा लिप्त भए ।

यही कारण विकल्प पार्टीभित्रबाट जन्मिएन । विकल्प पार्टी बाहिरबाट आयो । बालेन शाहहरूको उदयलाई यही सन्दर्भमा बुझ्नुपर्छ । बालेन स्थापित राजनीतिक दलहरूले सिर्जना गरेको राजनीतिक रिक्ततामा जन्मिएको वैकल्पिक मनोविज्ञानका प्रतिनिधि हुन् । जब दलभित्रका सम्भावित र आशा लाग्दा नेतृत्व मिलिजुली जाने बाँडिचुँडी खानेमा रूमल्लिए, धेरै युवाले आफ्नै नेतृत्वसँग निर्णायक दूरी बनाउन सकेनन्, मतदाताले पुराना दलको झन्डाबाहिर विकल्प खोजेका हुन ।

भदौ २३ गते वाहिरबाट आन्दोलन सिर्जना भएको होइन फागुन २१ गते अमेरिका वा अरू देशका मतदाताले मतदान गरेका होइनन् । देशमा राजनीतिक र सामाजिक आन्दोलनहरू सुस्ताउँदै गएका बेला नै समाजभित्र दबिएर रहेका असन्तुष्टि र आकांक्षाले नयाँ पात्र, नयाँ शक्ति र नयाँ राजनीतिक प्रवृत्तिलाई जन्म दिन्छन् भन्ने कुरा विश्वमा धेरै उदाहरण छन् ।

भदौ २३ को सडक र त्यसपछिको फागुन २१ को निर्वाचन परिणामलाई अलगअलग घटनाका रूपमा हेर्नु हुँदैन । सडकमा देखिएको असन्तोष मतपत्रमा पनि अभिव्यक्त भयो । २०१५ सालको चुनावमा नेपाली कांग्रेसको सुनामी, २०४८ सालमा कांग्रेस र एमालेको वर्चस्व तथा २०६४ सालमा माओवादीको प्रभाव लामो समयको संघर्षपछि निर्माण भएका राजनीतिक शक्तिको




उदयसँग जोडिएका थिए । तर, यसपटकको राजनीतिक शक्ति फरक ढंगले जन्मिएको छ । भ्रष्टाचारको विरोध र सुशासनको एजेन्डालाई मुख्य प्राथमिकतामा राखेर यो शक्ति अघि आएको छ । देशमा यसका विरुद्ध आन्दोलन गरिरहेको बलियो शक्ति हुन्थ्यो वा स्थापित पार्टीभित्र शीर्ष नेताहरूको गलत विचार र कार्यशैलीविरुद्ध भदौ २३ गतेअघि नै संघर्ष गरेर उनीहरू विजयी भएको भए राष्ट्रिय स्वतन्त्र पार्टी र बालेनहरू हावी हुने अवस्था नै आउने थिएन ।

एक समय परिवर्तन र अग्रगमनका लागि आन्दोलनको नेतृत्व गरेका राजनीतिक शक्तिहरू कानुनी रूपमा अस्तित्वमा भए पनि व्यवहारमा विघटित र जनताबाट टाढिँदै गए । तिनको नेतृत्वले गरेको अभिव्यक्ति र आचरणबीच अन्तरविरोध भयो । तिनका क्रियाकलाप, कार्यशैली क्रमशः पश्चगामी बन्दै गएको देखिन्छ ।

यही पृष्ठभूमिमा पुराना राजनीतिक शक्तिप्रतिको मोहभंग र नयाँ राजनीतिक चेतनाको खोजलाई बुझ्न डा. मधु घिमिरेको प्रसंग अर्थपूर्ण हुन्छ । डा. मधु घिमिरे लोकतान्त्रिक आन्दोलनमा जोडिएको परिवारको सदस्य मात्र होइन, आफैं पनि त्यो आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको व्यक्तित्व हुनुहुन्छ ।

एक समय अग्रगामी भूमिका खेलेका राजनीतिक शक्ति र तिनका नेतृत्व जब आफ्नै आन्दोलनका मूल्य र आदर्शबाट विचलित हुँदै पश्चगामी भूमिकामा रूपान्तरण भए, त्यसबाट उत्पन्न असन्तुष्टि एउटा व्यक्तिको मात्र आवेग होइन । आफ्नै क्षेत्रबाट जोखिम मोलेर समाज र लोकतान्त्रिक आन्दोलनमा योगदान दिएका ऐतिहासिक पात्रहरूमा देखिएको यो आवेग समाजको ठूलो हिस्सामा पैदा भएको राजनीतिक असन्तोषकै अभिव्यक्ति हो । डा. मधु घिमिरेको एउटा ऐतिहासिक भूमिकाको यहाँ स्मरण गर्नु सान्दर्भिक हुन्छ ।

त्यतिबेला डा. मृगेन्द्रराज पाण्डे सुन्दरीजलमा बन्दी जीवन बिताइरहनुभएका बीपी कोइरालाको नियमित उपचारमा संलग्न हुनुहुन्थ्यो । एक दिन बीपीको स्वास्थ्य असाध्यै बिग्रिएको महसुस भएपछि डा. पाण्डेले डा. मधु घिमिरेलाई बोलाउनुभयो । उहाँले डा. मधुलाई एउटा महत्वपूर्ण जिम्मेवारी दिनुभयो, बीपीको स्वास्थ्य अवस्थाबारे राजनीतिक तहमा जानकारी पुर्‍याउने ।

सहोदर दाजु शंकर घिमिरेसँगका कारण डा. मधुलाई त्यो जिम्मेवारी पूरा गर्न सहज थियो । तर यो पारिवारिक सम्बन्धका कारण प्राप्त भएको अवसर मात्रै थिएन । त्यो समयको राजनीतिक जोखिमबीच लोकतान्त्रिक आन्दोलनमा निर्वाह गरेको भूमिकाका कारण विश्वास गरिएको थियो ।

डा. मधुले बीपीको गम्भीर स्वास्थ्य अवस्थाबारे एउटा रिपोर्ट तयार गर्नुभयो । त्यसपछि उहाँ आफ्ना दाजु शंकर घिमिरेसँगै उक्त रिपोर्ट लिएर बीपीका आफन्त तथा अधिवक्ता गणेशराज शर्माकहाँ पुग्नुभयो । तर त्यहाँ उहाँहरूले अपेक्षा गरेअनुसारको प्रतिक्रिया पाउनुभएन । त्यसपछि उहाँहरू सूर्यप्रसाद उपाध्यायसम्म पुग्नुभयो । कांग्रेसभित्र बीपीसँग राजनीतिक मतभिन्नता राख्ने नेताका रूपमा चिनिनुभएका सूर्यप्रसाद स्वयं पनि लोकतान्त्रिक आन्दोलनका महत्वपूर्ण पात्र हुनुहुन्थ्यो । उहाँमाथि इतिहासमा अनेक आरोप र विवाद जोडिएका प्रसंग छन्, जसबारे स्वयं बीपीले पनि प्रश्न उठाउनुभएको छ । तर, बीपीको स्वास्थ्य संकटका बेला सूर्यप्रसादले खेलेको भूमिका भने निकै सराहनीय देखिन्छ ।

सूर्यप्रसादले रिपोर्ट पढेपछि त्यसलाई गम्भीर रूपमा लिनुभयो । डा. मधुले तयार गरेको रिपोर्टको ठूलो संख्यामा प्रतिलिपि बनाउन लगाएर काठमाडौंस्थित विदेशी दूतावास तथा प्रभावशाली अन्तर्राष्ट्रिय सम्पर्कमा पुर्‍याउने काम गरियो । जेलमा रहनुभएका बीपीको स्वास्थ्यबारे सार्वजनिक दबाब सिर्जना गर्न चिकित्सकीय रिपोर्टलाई अन्तर्राष्ट्रिय कूटनीतिकवृत्तसम्म पुर्‍याउनु आफैंमा राजनीतिक रणनीति पनि थियो ।

डा. मधु घिमिरेका दाजु शंकर घिमिरे लोकतान्त्रिक आन्दोलनका अगुवामध्ये एक हुनुहुन्थ्यो । २०१७ सालको शाही 'कु'पछि काठमाडौंमा प्रतिरोध निर्माण गर्ने क्रममा शंकर घिमिरे, कमल चित्रकार र दमननाथ ढुंगानाको भूमिका महत्त्वपूर्ण मानिन्छ । वरिष्ठ पत्रकार किशोर नेपालले शंकर घिमिरेलाई संगठन र व्यवस्थापन, दमननाथ ढुंगानालाई युवाहरूमाझ लोकप्रियता र कमल चित्रकारलाई जनशैलीका कारण प्रभावशाली 'त्रोइका'का रूपमा स्मरण गर्नुभएको छ । त्यतिबेला लोकप्रियता हासिल गर्न अहिलेको जस्तो सामाजिक सञ्जाल थिएन । लाइक र सब्स्क्राइबर बढाउने सुविधा थिएन । लोकप्रियता र जनविश्वास कमाउन जोखिमपूर्ण संघर्षमा होमिनुपर्थ्यो ।

शंकर घिमिरे २०२८ सालको स्नातक निर्वाचनमा कांग्रेसका उम्मेदवार बन्नुभएको थियो । उहाँ सूर्यप्रसाद उपाध्यायसँग निकट राजनीतिक सम्बन्धमा हुनुहुन्थ्यो । त्यसैले बीपीको स्वास्थ्यसम्बन्धी रिपोर्ट लिएर सूर्यप्रसाद उपाध्यायसम्म पुग्नु र त्यसलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याएर तत्कालीन निरंकुश पञ्चायती शासकमाथि दबाब सिर्जना गर्ने अवस्था बन्नुमा उहाँहरूबीचको राम्रो सम्बन्ध, विश्वासको महत्वपूर्ण भूमिका थियो ।

शंकरको राजनीतिक जीवनको अन्त्य पनि संघर्षकै क्रममा भयो । पञ्चायतविरुद्धको संघर्षमा उहाँमाथि मुद्दा थियो । त्यही मुद्दाको तारिखमा बिराटनगर जाँदै गर्दा भएको कार दुर्घटनामा उहाँको २०४० सालमा निधन भयो । उहाँकी जीवनसंगिनी सुप्रभा घिमिरे पनि पछि प्राध्यापक संघको अध्यक्ष हुँदै २०६४ मा काठमाडौं ४ बाट सभासदमा प्रत्यक्षमा निर्वाचित हुनुभयो ।

डा. मधु घिमिरे २०४६ सालको जनआन्दोलनमा उहाँ सक्रिय भएका कारण पक्राउ पर्नुभयो । बहुदलीय व्यवस्था पुनःस्थापनापछिको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका चिकित्सक सल्लाहकार रूपमा समेत जोडिनुभयो । कोइरालाको स्वास्थ्य उपचारमा डा. घिमिरेको महत्वपूर्ण भूमिका थियो ।

भदौ २४ मा संसद्, सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवासलगायत महत्वपूर्ण राज्य संरचनामा भएको आगजनी र तोडफोड आन्दोलनको गम्भीर नकारात्मक पक्ष हो । जुन कुरालाई डा. मधुले पनि चिन्ता जाहेर गर्नुभएको छ । सार्वजनिक सम्पत्ति, राज्यका संरचना र ऐतिहासिक दस्तावेज नष्ट हुनु कुनै पनि कोणबाट स्वीकार्य हुन सक्दैन । सुरक्षा निकायले कहाँ कस्तो भूमिका खेल्यो, महत्वपूर्ण संरचनाको सुरक्षा किन कमजोर भयो र राज्य संयन्त्रले समयमै प्रभावकारी प्रतिक्रिया दिन किन सकेन भन्ने प्रश्नको जवाफ एक दिन अवश्य आउला ।

तर आगजनीको आलोचना गर्दै गर्दा त्यसअघि समाजमा जम्मा भएको आक्रोशलाई ढाक्न भने मिल्दैन । भवन किन जल्यो भन्ने प्रश्नसँगै समाजको मन किन जल्यो भन्ने प्रश्न अझ महत्वपूर्ण छ । किन एउटा पुस्ता, अनि समाजको ठूलो हिस्साले राज्यसँग यति ठूलो दूरी महसुस गर्‍यो ? किन पुरानो नेतृत्वप्रतिको विश्वास यति कमजोर भयो ? किन पार्टीभित्र रहेका युवाले आफ्नै नेतृत्वलाई चुनौती दिएर नयाँ राजनीतिक संस्कार निर्माण गर्न सकेनन् ?

डा. मधु घिमिरेले फेरि लगत्तै पुराना पार्टीहरूका युवाहरूलाई आव्हान गर्दै अंग्रेजीमा यस्तो स्टाटस लेख्नुभएको छ, 'आआफ्नो विचारधाराप्रति सच्चा प्रतिबद्धता राख्ने र आफूले सही ठानेको बाटोबाट जनताको सेवा गर्ने उत्कट चाहना भएका कांग्रेस र एमालेका नेता-कार्यकर्ता तथा आम पंक्तिका साथीहरूलाई म यति मात्र भन्न चाहन्छु, तपाईंहरूका पार्टीका नेतृत्वले तपाईंहरूलाई असफल मात्र बनाएनन्, उनीहरूले तपाईंहरूलाई धोका दिए र ठगे पनि । कुनै पनि विचारधाराप्रति पक्षपात नगरी म तपाईंहरू सबैप्रति सम्मान व्यक्त गर्छु । तपाईंहरूले देश र जनताको सबैभन्दा राम्रो सेवा यही विचारधाराबाट हुन्छ भन्ने विश्वास र आस्था राखेर जुन विचारधारा रोज्नुभयो, त्यो तपाईंहरूको आफ्नो विश्वास हो । त्यसप्रति मेरो कुनै आपत्ति छैन । म तपाईंहरूको आस्थाको सम्मान गर्छु । तर, तपाईंहरू सबैसँग मेरो एउटा अनुरोध छ, आफ्नो बाटोबाट वर्तमान नेतृत्वलाई हटाउनुहोस् । उनीहरू जनताको हितभन्दा आफ्नै स्वार्थमा केन्द्रित भएका बेइमान र बदमासहरू मात्र हुन् ।

भदौ २३ को सबैभन्दा ठूलो सन्देश यही हो, समाजको 'कमन सेन्स' बदलिइसकेको थियो तर राजनीतिक नेतृत्वको चरित्र बदलिएको थिएन । मतदाता बदलिएका थिए । नेतृत्वको भाषा उही थियो । नागरिकले विकल्प खोज्न थालिसकेका थिए । दलका शिर्ष नेताहरू भने पुरानो समीकरणमै रमाइरहेका थिए ।

भदौ २३ ले सडकमा प्रश्न गर्‍यो । त्यसपछिको निर्वाचन परिणामले मतपत्रबाट त्यही प्रश्न दोहोर्‍यायो । अब मूल परीक्षा सत्तामा पुगेकाहरूको हो ।


के राज्यको चरित्र बदलियो ? के शासन गर्ने शैली बदलियो ? के भ्रष्टाचार र शक्तिको दुरुपयोगविरुद्धको व्यवहार बदलियो ? के राजनीतिक दलभित्र प्रश्न गर्ने संस्कार जन्मियो ? के युवाले आफ्नै नेतृत्वलाई जवाफदेही बनाउन सक्ने ठाउँ पाए ? यदि यी प्रश्नको जवाफ अझै अस्पष्ट छ भने जेनजी आन्दोलनको राजनीतिक अध्याय समाप्त भएको छैन । समाज रूपान्तरणको अभियान अधुरो नै छ ।

सडकले आफ्नो काम गरिसकेको छ । मतदाताले आफ्नो फैसला सुनाइसकेका छन् । अब परिवर्तनको प्रमाण भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ ।

एक वर्षपछि इतिहासले फेरि उही प्रश्न सोधिरहेको छ, सरकार बदलियो, निर्वाचनको परिणाम बदलियो तर के राजनीतिक चरित्र बदलियो त ?

यदि यसको जवाफ अझै 'हो' भन्न सकिने अवस्थामा पुगेको छैन भने भदौ २३ को सम्बोधन वास्तविक अर्थमा भएकै छैन । जनताले बाटो देखाइसकेका छन् । अब परिवर्तनको प्रमाण व्यवहारमा देखिनुपर्छ । ताकि अर्को पटक प्रश्न फेरि सडकले सोध्न नपरोस् । सिन्धुलीसौगातडटकमबाट साभार ।

# रसुवा बाढी र आगामी कार्यदिशा



डा गङ्गालाल तुलाधर

हालै रसुवाको भोटेकोशीमा आएको बाढी सामान्य बाढी मात्र नभई कसैले अनुमानसम्म लगाउन नसकिने प्राकृतिक प्रलय नै हो । विगतमा पनि हिमताल विस्फोट भई पटकपटक आएका बाढीका आधारमा यसलाई विज्ञानमा आधारित भएर न्यूनीकरणका तरिकाहरु अपनाउनुपर्छ भन्ने कुरा संसद्देखि राष्ट्रिय अन्तरराष्ट्रिय मञ्चहरुमा उठाउँदै आएका थियौँ । समयमै यस बारेमा हामीले गम्भीरता देखाउन नसक्दा आज यति ठूलो प्रलय भोग्न विवश भयौँ । नेपाल जलवायु परिवर्तन, बाढीजन्य विपद्, भूकम्पलगायत विभिन्न बहुप्रकोपीय उच्च जोखिममा रहेको हुँदा यसबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने बारेमा विगतमा कहिल्यै गम्भीरता देखाइको पाइँदैन ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम र इसिमोडले केही वर्षअघि नै दिएको प्रतिवेदनमा हिमालय क्षेत्रमा तीन हजार ६२४ वटा हिमताल पहिचान भएका र त्यसमा ४७ वटा ताल कुनै पनि बेला विस्फोट हुनसक्ने अवस्थाको जानकारी दिएको थियो । त्यसमा २४ वटा त नेपालमै पर्ने र अन्य चीन र भारतमा पर्ने उल्लेख छ । यसअघि पनि विभिन्न २५ वटा ताल वा कुण्डहरु विस्फोट भएका थिए र तीमध्ये पछिल्लो दशकमै सेती, थामे, मेलम्चीमा आएको बाढीले जनधनको क्षति गराएको थियो । प्रतिवेदनमा अति जोखिममा देखाइएको छ्योरोल्पा हिमताल फुट्दैछ भन्ने सूचनाको आधारमा नेपाली सेनाको सक्रियतामा साइफन जडान गरी तालको पानीलाई बाहिर निकाल्ने काम हुँदा यसले विस्फोटको रुप लिन पाएन । त्यस्तै इम्जा तालको पानीमा सतह घटाएर तल्लो तटीय क्षेत्रलाई सुरक्षित गराउने काम भएको थियो । तर जोखिममा रहेका हिमतालहरुका बारेमा समयमै ध्यान पुर्‍याउन नसक्दा आज भोटेकोशीको बाढीको समस्या भोग्नुपरेको छ ।

नेपालको उत्तरी सीमामा रहेको झण्डै आठ सय किमी पर्वतशृङ्ग ला हाम्रा पर्यटकीय सम्पदा हुन् तर आज तिनै ठाउँ हिम विस्फोट वा आइस बमजस्तो बन्न पुगेका छन् । विगत एक दशकका विभिन्न स्थानमा भएका हिमताल विस्फोटका घटनाले हामीलाई जनाउ घण्टी दिएको भए पनि त्यसका आधारमा कसरी सुरक्षित राख्न सकिन्छ भन्नेतर्फ ध्यान दिएनौँ ।

यसपटक रसुवाको भोटेकोशीमा आएको बाढीबाट हालसम्म १३ सयभन्दा बढीको ज्यान गइसकेको, चार हजारभन्दा बढी बेपत्ता भएको र निजी तथा सार्वजनिक सम्पत्तीको ठूलो क्षति भएको छ । पुर्ननिर्माणका लागि मात्रै नौ खर्बभन्दा बढी खर्च लाग्ने प्रारम्भिक अनुमान गरिएको छ । यस्ता विपद्हरु फेरि पनि आउनसक्ने विभिन्न अध्ययनहरुले देखाइरहेको छ । यसले नेपालको अर्थव्यवस्था कसरी अगाडि बढ्न सक्छ ? विपद्मा प्रभावितको उद्धार, राहत, पुनर्निर्माण, पुर्नलाभ र पुनःस्थापना निकै महङ्गो पर्न जान्छ । विपद् भइसकेपछि क्षति कम गर्नेभन्दा विपद्को सम्भावित जोखिम पहिल्यै पहिचान गरी न्यूनीकरणमा ध्यान दिन आवश्यक छ । त्यसैले विज्ञानमा आधारित पूर्वतयारीलाई आत्मसाथ गर्नु नै विपद्बाट सुरक्षित हुने एक मात्र विकल्प हो । विपद्बाट बच्न जडान गरिने अत्याधुनिक पूर्वसूचना प्रणाली करिब सात लाख रुपैयाँमै राख्न सकिन्छ ।

नेपालको भौगोलिक अवस्थाका कारण जलवायु परिवर्तन र सीमापार हुने विपद् (जस्तैः हिमताल विस्फोट वा सीमापार बाढी) लाई रोक्न छिमेकी मुलुकहरूसँग ' विपद् कूटनीति' मार्फत पूर्वसूचना प्रणाली र सहकार्य बलियो बनाउनु आवश्यक छ । उच्च जोखिममा रहेका हिमतालहरु चीनको तिब्बत क्षेत्रको हिमालयमा पर्ने हुँदा चीनसँगको सहकार्य अपरिहार्य छ । तिब्बतमा रहेका हिमताल विस्फोट भई आउने बाढीको असर नेपालमा मात्र नभई भारतमा समेत पर्ने हुँदा यसमा भारतसँगको सहकार्य पनि आवश्यक हुन्छ । त्यसैले नेपालले दुवै छिमेकी मुलुकसँग विपद् व्यवस्थापन कूटनीति अपनाएर अगाडि बढ्नुपर्ने हुन्छ ।

नेपालले द्विपक्षीय र बहुपक्षीय तवरबाट विपद् व्यवस्थापन संवादलाई अगाडि बढाउनुपर्छ । खासगरी चीनसँग उच्च प्रविधि र सूचना रहने हुँदा पर्याप्त सहयोग लिन सकिने सम्भावना रहेको छ । केही वर्षअघि चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणका अवसरमा भएको अन्तरदेशीय पूर्वसूचना सहमतिको कार्यान्वयनमा नेपालले जोड दिनुपर्छ ।

नेपाल बाह्रै महिना कुनै न कुनै विपद्को उच्च जोखिममा रहेकाले यसको न्यूनीकरण र व्यवस्थापनका लागि आम शिक्षाको जरुरत छ । विपद्को समयमा सबैभन्दा पहिले समुदाय र स्थानीय सरकार नै अग्रसर हुनुपर्ने हुँदा स्थानीय नागरिकहरूमा विपद् शिक्षा र सचेतना बढाउनु पर्ने हुन्छ । यो काम राजनीतिक दलहरुले आफ्ना कार्यकर्ताहरुलाई परिचालन गरी गराउन सक्छन् । राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा २० मा राजनीतिक दलले विपद् जोखिम न्यूनीकरण शिक्षा सञ्चालन गर्नुपर्ने भन्ने व्यवस्था नै गरेको छ । दलहरुले स्वयंसेवकहरु तयार गरी परिचालन गर्नु उनीहरुको कर्तव्य मानिएको छ । यो भनेको विपद् पूर्वतयारीको विषय हो ।

त्यस्तै, तल्लो तटीय क्षेत्रमा भूमिको व्यवस्थापन गरी बस्ती र कृषियोग्य जमिनको पहिचान गर्नु आवश्यक छ । कुन ठाउँ बसोबास र कृषिका लागि उपयुक्त छ भन्ने कुरा स्थानीय सरकारले पहिचान गर्न सक्छ । विपद्को पहिलो प्रतिकार्यकर्ता स्थानीय समुदाय भएकाले समुदायको क्षमता, सहभागिता र नेतृत्वलाई प्राथमिकता दिनुपर्छ । स्थानीय तहलाई स्रोत, जनशक्ति, प्रविधि र अधिकार सम्पन्न बनाएर विपद् व्यवस्थापनलाई स्थानीय स्तरमै प्रभावकारी बनाउन सकिन्छ । उसले प्रदेश र सङ्घीय सरकारको सहयोगमा भूमिको व्यवस्थापन गराउन सक्छ ।

विपद्को समयमा सङ्घ, प्रदेश, स्थानीय तह, सुरक्षा निकाय, नागरिक समाज र गैरसरकारी संस्थाबीच स्पष्ट जिम्मेवारी र प्रभावकारी समन्वय आवश्यक पर्दछ । विपद्पछिको पुनर्निर्माण गर्दा पहिलेको जोखिम दोहोरिन नदिने गरी अझ सुरक्षित र उत्थानशील संरचना निर्माणमा जोड हुनपर्छ । त्यसैले सरकारले जस्तोसुकै अलोकप्रिय निर्णय गर्नु परे पनि सुरक्षित स्थानमा मात्रै बसोबासका लागि अनुमति दिनुपर्ने हुन्छ । यसका लागि पनि राजनीतिक पार्टीका नेता, कार्यकर्ताहरुले आफ्ना मतदाताहरुलाई आश्वस्त तुल्याउन सक्नुपर्छ । विद्यालयदेखि विश्वविद्यालयका पाठ्यक्रममै यसम्बन्धी अध्ययन अध्यापन गराई सुरक्षित जीवनयापनको सुनिश्चितता गराउन सकिन्छ ।

हाम्रा शिरहरु हजारौँ वर्षदेखि बरफ र चट्टान बनेर बसेका छन् । जलवायु परिवर्तनका कारण वाष्फिकरणसँगै मौसमीय प्रणालीमा आउने फेरबदलसँगै ती बरफ वा चट्टानहरु हिमतालमा खस्ने र तालहरु फुट्न गई बाढीको रुपमा तल्लो तटीय क्षेत्रमा क्षति पुर्‍याउने घटनाहरु तीव्र रुपमा बढिरहेका छन् । यसपटकको भोटेकोशीको बाढी पनि यसको पछिल्लो उदाहरण हो । विश्वका औद्योगिक राष्ट्रहरुले गरेको उत्सर्जनका कारण हाम्रा हिमालहरुमा रहेका हिउँलाई छिटोछिटो पग्लिन गई विपद्को अवस्था निम्त्याएका कारण हामीले अर्काले खाएको विष लागेर मर्नुपर्ने अवस्था सिर्जना भएको छ । कार्बन उत्सर्जनमा हाम्रो भूमिका शून्य दशमलव २ प्रतिशत कम भए पनि त्यसको मुख्य असर सहनुपर्ने अवस्थाका बारेमा अब नेपालले जोडदारसँग विश्व समुदायलाई भन्नसक्नु पर्छ ।

प्राकृतिक विपद् रोक्न सकिँदैन तर यसको क्षतिलाई भने न्यूनीकरण गर्न सकिन्छ । विपद् आएपछि उद्धार र राहतमा मात्र सीमित नराखी जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनासम्मको समग्र प्रक्रियाका रूपमा हेर्नुपर्छ । सम्भावित विपद्का लागि समुदाय, स्थानीय तह र राज्यका संयन्त्रलाई तयारी अवस्थामा राख्ने तथा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्नु जरुरी छ । 'सेन्डाई फ्रेमवर्क'जस्ता अन्तरराष्ट्रिय मापदण्डहरूलाई नेपालको भूगोल सुहाउँदो गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिन आवश्यक छ ।

जलवायु परिवर्तनले बाढी, पहिरो, खडेरी, डढेलोजस्ता जोखिम बढाइरहेको अवस्थामा विपद् व्यवस्थापनलाई जलवायु अनुकूलन र उत्थानशील विकाससँग जोड्नुपर्छ । विपद्ले विनाश मात्र ल्याउँदैन, बरु भविष्यलाई अझ सुरक्षित र राम्रो बनाउने अवसरको रुपमा लिँदै अब हामीले हाम्रो इन्जिनियरिङलाई पनि विचार गर्नुपर्ने हुन्छ । नदीका किनारामा बस्ती मात्रै होइन, जलविद्युत् आयोजना, सडक, पुलजस्ता पूर्वाधारहरु निर्माण गर्दा सम्भावित बाढी, पहिरोबाट हुनसक्ने क्षतिको आँकलन गरेर मात्रै गर्नुपर्छ । यसपटकको भोटेकोशीबाट हामीले धेरै शिक्षा लिन सक्नुपर्छ । अब हामी राहत-केन्द्रित व्यवस्थापनबाट जोखिम-न्यूनीकरण र उत्थानशीलतातर्फको रूपान्तरणमा जानुपर्ने हुन्छ ।

# अदालती मुद्दाको चाप घटाउन मेलमिलाप विधेयकः मन्त्री गौतम



काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले दुवै पक्षले हार र जितको अवस्था हासिल गराउन मेलमिलापसम्बन्धी विधेयक संशोधन गर्न लागिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा 'मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३ माथि विचार गरियोस्' भन्ने प्रस्तावमाथिको सैद्धान्तिक छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उहाँले मेलमिलाप बढेमा अदालतमा मुद्दाको चाप घटाउने विशवास व्यक्त गर्नुभयो । उहाँले मेलमिलाप कार्य बढेमा दुवै पक्षको खर्च कम हुने, छिटो र सरलरूपमा न्याय प्राप्त हुने तथा विवादित पक्षमा पछिसम्म 'इगो' कायम नहरने स्पष्ट गर्नुभयो । उहाँले कानुनले मेलमिलाप गर्न निषेध गरिएका विषयमा मेलमिलाप नहुने बताउनुभयो।

उक्त विधेयकमाथिको छलफलमा सांसदहरू अशोककुमार चौधरी, पद्माकुमारी अर्याल, मोहम्मद फिरदोश आलम, माधवबहादुर, थापा, कृष्णहरि बुढाथोकी, समीक्षा बाँस्कोटा, सिर्जना श्रेष्ठ, पारशमणि गेलाल, पूर्णप्रसाद लिम्बू, विश्वराज पोखरेल, यज्ञमणि न्यौपाने, रेनुका काउचा, बलावती शर्मा, नरेन्द्रकुमार केरूङ, शोभा खनाल, परशुराम तामाङ, प्रेमलाल चौधरी, पुष्पाकुमारी चौधरी, अप्सना बानु, रञ्जु न्यौपाने, निराशा चौधरी डगौरा, मोहनलाल आचार्य, गजला शमिम मिकरानी, मधुकुमार चौलागाईं, मनिष खनाल र ठाकुरसिंह थारूले भाग लिनुभयो।

यसैगरी सांसदहरू ज्ञानु पौडेल, प्रेमबहादुर बयक, टुकाभद्र हमाल, गुरूप्रसाद बराल, सन्तोष सुब्बा, रत्नाकुमारी थापा, हरिमोहन भण्डारी, हरिप्रसाद भुसाल, साजिदा खातुन सिद्धिकी, गणेशबहादुर विश्वकर्मा, इन्दिरा राना मगर, पवित्रा विक र पुकार बमले छलफलमा भाग लिनुभयो।

सांसदहरूले स्थानीय तहको सहयोगका सामुदायिक मेलमिलाप कार्य बढाउन विधेयक महत्त्वपूर्ण हुने तर बाध्यताका आधारमा मेलमिलाप हुन नहुने धारणा राख्नुभयो।

यस्तै मेलमिलापको ध्येय मुद्दा घटाउनु मात्र होइन न्यायपूर्ण समाजको स्थापना पनि गर्नु भएकाले विधेयकलाई त्यसअनुसार संशोधन गर्न सुझाव दिइयो । छलफलमा भाग लिने सदस्यले न्यायाधीशलाई मेलमिलापकर्ताका रूपमा काम लगाउँदा सम्मान हुन्छ कि अपमान हुन्छ भन्नेमा विमर्श गर्न आग्रह गर्नुभएको थियो।

बैठकमा सो विधेयक विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको छ। सो विधेयकमाथि अब सशोधनको सूचना दर्ता र सम्बन्धित समितिमा दफाबार छलफलका लागि पठाइनेछ। रासस

# बाढीबाट प्रभावित नागरिकको आक्रोशलाई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्छः सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले बाढीबाट प्रभावित नागरिकको आक्रोशलाई सरकारविरुद्धको प्रहारका रूपमा नभई राज्यप्रतिको अपेक्षा र अन्तिम गुहारका रूपमा बुझ्नुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा समय लिएर बोल्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकमाथि सामाजिक सञ्जालमार्फत टिप्पणी, कटाक्ष वा साइबर बुलिङ नगर्न पनि आग्रह गर्नुभयो।

यही भदौ १० गते रसुवाको भोटेकोशी हुँदै आएको विनाशकारी बाढीलाई केवल प्राकृतिक विपत्ति मात्र नभई जलवायु अन्यायको परिणामका रूपमा लिएर विश्वस्तरमा प्रभावकारी पहल गर्न सरकारसँग उहाँले आग्रह गर्नुभयो।

बाढीमा ज्यान गुमाएका तथा बेपत्ता नागरिकप्रति श्रद्धाञ्जली र पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै सभापति लामिछानेले विपत्तिमा परेका नागरिकको उद्धार अझै जारी रहेकाले सुखद समाचारको आशा मार्न नहुने बताउनुभयो।

जलवायु परिवर्तनमा नेपालको योगदान नगन्य भए पनि त्यसको गम्भीर असर नेपाली नागरिकले भोगिरहेको प्रसङ्ग उल्लेख गर्नुहुँदै सभापति लामिछानेले जलवायु परिवर्तनका कारण हुने क्षतिको न्यायोचित अन्तरराष्ट्रिय सम्बोधन हुन आवश्यक रहेको बताउनुभयो। उहाँले विपत्तिमा ज्यान गुमाएका नागरिकलाई प्राकृतिक विपत्तिका सामान्य मृतकका रूपमा मात्र हेर्न नहुने धारणा राख्नुभयो।



विपत्तिको समयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय प्रशासन, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा आम नागरिकले निर्वाह गरेको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो । सभापति लामिछानेले विपत्ति आइलाग्नासाथ राज्य संयन्त्र परिचालन गरी प्राथमिकतासाथ उद्धार, उपचार र राहतको काम सुरु गरेकामा सरकारलाई धन्यवाद दिनुभयो।

उहाँले अहिलेको समयमा सरकारले गरेको उद्धार तथा राहत प्रयासको आलोचना मात्र गरेर समय खेर फाल्न नहुने धारणा व्यक्त गर्नुहुँदै आआफ्नो क्षेत्रबाट बाढी पीडितलाई सक्दो सहयोग गर्न अनुरोध गर्नुभयो।

'विपद्को समयमा हामी सरकारको साथमा छौँ' भन्ने भावनासहित उहाँले विपत्तिलाई राजनीतिक लाभ-हानिको विषय बनाउन नहुने बताउँदै उहाँले सरकारका कामको रचनात्मक आलोचना गर्दै जवाफदेहिता माग्नु प्रतिपक्षको अधिकार र कर्तव्य भए पनि राष्ट्रिय पीडालाई राजनीतिक हतियार बनाउन नहुने बताउनुभयो।

अहिलेको विषम् परि स्थितिमा राहत र पुनर्निर्माणमा मात्र सीमित नभई त्यसको मूल कारणसम्म पुग्नुपर्नेमा जोड दिनुहुँदै जलवायु परिवर्तनले गहिरिँदै गएको सङ्कटको परिणामका रूपमा यस्ता विपत्ति बढ्न सक्ने भएकाले नेपालले जलवायु न्यायका लागि विश्व अभियान अघि बढाउनुपर्ने उहाँको भनाइ थियो।

यसका लागि हिमालयलाई विशेष जलवायु तथा विपद् जोखिम क्षेत्रका रूपमा विश्वस्तरमा मान्यता दिलाउन पहल गर्न, हिमालय संरक्षण तथा जलवायु अनुकूलनका लागि 'ग्रिन क्लाइमेट फन्ड'मा सहज वित्तीय पहुँच सुनिश्चित गर्न र 'साउथ-साउथ कोअपरेसन'मार्फत हिमालयसम्बन्धी वैज्ञानिक अनुसन्धान तथा तथ्याङ्क आदानप्रदान अघि बढाउन सभापति लामिछानेले प्रस्ताव गर्नुभयो।

त्यस्तै, सीमा-पार प्रारम्भिक चेतावनी तथा विपद् पूर्वसूचना प्रणाली विकास गर्न, हिमाली समुदायको जीवन, जीविकोपार्जन र सुरक्षित भविष्य संरक्षण गर्न तथा जलवायुजन्य हानि-नोक्सानी सम्बोधनका लागि अन्तरराष्ट्रिय सहयोग सुनिश्चित गर्न आवश्यक पहल गर्नुपर्ने बताउनुभयो।

बाढीबाट भएको मृत्यु, बेपत्ता, विस्थापन तथा आर्थिक र गैरआर्थिक क्षतिको व्यवस्थित राष्ट्रिय 'क्षति तथा हानि अभिलेख' तयार गर्नुपर्नेमा जोड दिँदै उहाँले जलवायु परिवर्तनको भूमिकाबारे स्वतन्त्र वैज्ञानिक अध्ययन गराई त्यसैका आधारमा अन्तरराष्ट्रिय क्षति तथा हानिको दाबी गर्न पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

पुनर्निर्माणका नाममा नेपाली जनतामाथि थप ऋणको भार थोपर्न नहुने भन्दै उहाँले अनुदानमा आधारित अन्तरराष्ट्रिय जलवायु वित्त परिचालन गर्नेतर्फ नेपालको ध्यान जानुपर्ने उहाँले बताउनुभयो।

साथै, हिमताल, हिमनदी, वर्षा र नदीको वास्तविक समय निगरानी तथा सीमापार पूर्वसूचना र तथ्याङ्क आदानप्रदान प्रणालीलाई राष्ट्रिय प्राथमिकतामा राखी सोहीअनुसार अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

सभापति लामिछानेले अबको केही दिनमा हुने संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपाली प्रतिनिधिमण्डलले जलवायु सङ्कट र हिमालयको अवस्थाबारे विश्व समुदायको ध्यानाकर्षण गराउनुपर्ने बताउनुभयो । उहाँले नेपालले अन्तरराष्ट्रिय मञ्चमा याचना गर्नेभन्दा तथ्य र प्रमाणसहित जलवायु न्यायको पक्षमा सशक्त एवं स्वाभिमानी कूटनीतिक पहल अघि बढाउनुपर्नेमा जोड दिनुभयो।

विपत्तिबाट पाठ सिक्दै दीर्घकालीन कानुनी, वित्तीय तथा पूर्वतयारीको संरचना निर्माण गर्नुपर्नेमा उहाँको जोड थियो। प्रतिनिधिसभाको आजको बैठकमा सभापति लामिछानेले 'हामीसँग एउटै विकल्प छ-आँसु पुछेर फेरि उभिनु' भन्नुहुँदै बाढीमा ज्यान गुमाएका तथा प्रभावित नागरिकको पीडालाई राष्ट्रिय शक्ति र उनीहरूको बलिदानलाई राष्ट्रिय सङ्कल्पमा बदल्नुपर्ने बताउनुभयो।

यही भदौ १० गतेको बाढीपश्चात् सत्तारुढ दल रास्वपाका सभापति लामिछानेले संसद्मा समय लिएर प्राकृतिक विपत्तिको सामनाका लागि पहिलोपटक सम्बोधन गर्नुभएको थियो।

आजको बैठकमा प्रधानमन्त्री वालेन्द्र शाह, नेकपाका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लगायतका नेतागणको उपस्थिति थियो । रासस

## विदेशमा रहेका मतदाताको मताधिकारबारे निर्वाचन विज्ञसँग छलफल

काठमाण्डु । निर्वाचन आयोगले मतदाता नामावलीमा नाम समावेश भएका तर निर्वाचन क्षेत्रभन्दा बाहिर वा विदेशमा रहेका नेपाली मतदातालाई मतदानको अवसर उपलब्ध गराउने सम्बन्धमा विज्ञ तथा सरोकारवालासँग आज छलफल गरेको छ।

छलफलमा नीति अनुसन्धान प्रतिष्ठान, नेपाल पोलिसी इन्स्टिच्युट, विश्वविद्यालयका अध्येता र अनुसन्धानकर्ता, कम्प्युटर एसोसिएसन नेपाल महासङ्घ, ब्लकचेन एसोसिएसन, सूचना प्रविधि तथा साइबर सुरक्षा विज्ञ तथा अन्य सम्बन्धित क्षेत्रका विज्ञको सहभागिता थियो। कार्यक्रममा हुलाक मतदान, प्रतिनिधिमार्फत मतदान, इन्टरनेट मतदान तथा सूचना प्रविधि-सहयोगी हुलाक मतदानलगायतका सम्भावित विकल्प तथा तिनका अवसर, चुनौती र कार्यान्वयनका पूर्वशर्तबारे छलफल गरिएको थियो।

त्यसैगरी, मतदाता पहिचान तथा प्रमाणीकरण, एक व्यक्ति-एक मत, मतपत्रको गोपनीयता, साइबर तथा सूचना प्रविधि सुरक्षा, प्रणालीको विश्वसनीयता तथा लेखापरीक्षण, लागत, मतदाता शिक्षा, जनशक्ति, परीक्षण र चरणबद्ध कार्यान्वयनलगायतका विषयमा विज्ञहरूको अनुभव, धारणा र सुझाव प्राप्त गरिएको आयोगले जनाएको छ।

कार्यक्रममा निर्वाचन आयुक्त डा राजीव सुब्बाले विदेशमा तथा निर्वाचन क्षेत्रबाहिर रहेका मतदाताको मतदानमा सहभागिता सुनिश्चित गर्ने आवश्यकता, सम्भावित मतदानका विभिन्न मोडेल तथा विश्व अनुभवका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। रासस

# प्रतिनिधिसभाः भोटेकोशी बाढीमा बेपत्ताको खोज तथा उद्धारमा सम्पूर्ण संयन्त्र परिचालन गर्न सुझाव

काठमाण्डु । सांसदहरूले भोटेकोशी बाढीबाट विस्थापित नागरिकलाई सुरक्षित स्थानमा दिगो व्यवस्थापन गर्न सरकारलाई सुझाव दिनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा उहाँहरूले यही भदौ १० गतेको बाढीमा बेपत्ता भएका नागरिकको खोज तथा उद्धारमा सम्पूर्ण संयन्त्र परिचालित गर्न, होल्डिङ सेन्टरमा रहेकालाई उचित राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद विदूषी राणाले रसुवा विपद् हिमालय क्षेत्रले दिएको पूर्वचेतावनी भएको जनाउँदै हिमनदी र उच्च हिमाली जोखिमको नियमित अनुगमन, अन्तरदेशीय सूचना आदानप्रदान र विपद् अनुकूल पूर्वाधार निर्माण गर्न आग्रह गर्नुभयो।

सांसद बिना गुरुङले भोटेकोशी विपद्ले जनधनसँगै नेपालको पर्यटन र नागरिकको जीविकोपार्जनमा ठूलो क्षति पुऱ्याएको भन्दै बाढीपहिरोबाट घरबारविहीन भएका नागरिकलाई तत्काल पुनःस्थापित गर्न तथा पर्यटन व्यवसायीलाई विशेष राहत दिन माग गर्नुभयो।

सांसद बुद्धरत्न महर्जनले राष्ट्रिय राजमार्गका रूपमा रहेको कान्ति लोकपथको नियमित मर्मतसम्भार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद बुद्धिप्रसाद पन्थले जेनजी युवाले देखेको सपना सम्बोधन गर्नुपर्नेमा जोड दिँदै आन्दोलनमा सहभागी युवालाई झुटा मुद्दा लगाइएकामा आपत्ति जनाउनुभयो।

सांसद भरतकुमार स्वाँर र भरतप्रसाद पराजुलीले भोटेकोशी बाढीमा बेपत्ता भएका नागरिकको खोजबिनलाई तीव्र बनाउन तथा बेपत्ताको दाहसंस्कारसम्बन्धी कानुनी व्यवस्था गर्न सुझाव दिनुभयो । सांसद भीमकुमारी बुढा मगरले भोटेकोशी बाढीमा फसेका नागरिकको उद्धारमा ढिलाइ हुँदा सम्पर्कविहीन नागरिकका परिवारजनमा पीडा थपिएको बताउनुभयो।

सांसद भरतबहादुर खड्काले डोटीको दिपायलबाट सरकारी कार्यालय अन्यत्र सारिँदा सरकारको लगानी खेर गएको भन्दै ती भवनको सदुपयोग गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।



सांसद मञ्जु भुसालले विनाशकारी भोटेकोशी बाढीमा हराइरहेका नागरिकको खोज, उद्धार र परिवारमा पुनर्मिलनका लागि राज्यको सम्पूर्ण संयन्त्र परिचालन गर्न सरकारलाई सुझाव दिनुभयो । सांसद मधुकुमार चौलागाईंले भोटेकोशी बाढीपीडितलाई तत्काल राहत र सुरक्षित स्थानमा पुनःस्थापना गराउन सकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मदनकृष्ण श्रेष्ठले भोटेकोशी बाढीका कारण विभिन्न जलविद्युत् आयोजनाको सुरुङमा फसेकाको उद्धार प्रयासका बारेमा सदनलाई जानकारी गराउन माग गर्नुभयो । सांसद मनमाया विश्वकर्माले निजामती सेवामा क्रियाशील ट्रेड युनियनका सम्पत्ति जफत गर्ने प्रक्रिया अविलम्ब रोक्न गर्न माग गर्नुभयो।

सांसद बलावती शर्माले गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलन छानबिन गर्न गठित आयोगको प्रतिवेदन शीघ्र कार्यान्वयन गर्न माग गर्नुभयो। सांसद मनिष खनालले जेनजी पुस्ताको माग सम्बोधन गर्न सरकारले खुट्टा कमाउन नहुनेमा जोड दिनुभयो।

सांसद रचना खतिवडा खत्रीले जेनजी आन्दोलनका सहिद र घाइते परिवारले कहिले न्याय पाउँछन् भनी प्रश्न गर्नुभयो । सांसद रजनी श्रेष्ठले जेनजी आन्दोलनका सहिद र घाइते परिवार तथा झुठा मुद्दा लागेकाले कहिले न्याय पाउने जिज्ञासा राख्नुभयो।

सांसद रिमा विश्वकर्माले जेनजी आन्दोलनका क्रममा युवामाथि लगाइएको झुठा मुद्दा फिर्ता र बन्दी युवालाई तत्काल रिहा गर्न माग गर्नुभयो। सांसद रमेश प्रसाईले जेनजी आन्दोलनमाथि दमन गर्नेमाथि कारबाही नहुँदा चौतर्फी प्रश्न उठिरहेको बताउनुभयो । सांसद बसुमाया तामाङले ग्यासको कृत्रिम अभाव हुँदा साना व्यवसायी मारमा परेको उल्लेख गर्दै तत्काल ग्यासको बिक्रीवितरण सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद मोहनलाल आचार्यले बाढीमा बेपत्ताको खोजी गर्न सरकारसँग अपिल गर्नुभयो। सांसद मोहम्मद फिरदोश आलमले बाढीप्रभावतलाई तत्काल सुरक्षित स्थानमा स्थानन्तरण गर्न, पीडितलाई उचित राहत दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद युवराज दुलालले बाढीमा बेपत्ता सिन्धुपाल्चोकका २३९ जनाको खोजी कार्य प्रभावकारी बनाउन माग गर्दै नदी तटीय वस्तीमा पूर्वचेतावनी प्रणाली जडान गर्न सुझाव दिनुभयो । सांसद रमेशकुमार सापकोटाले नेपाललाई सहानुभूति नभई जलवायु न्याय चाहिएको बताउनुभयो।

सांसद यशोधा कुमारीले तराई/मधेसमा विषालु सर्पको बिगबिगी बढेको भन्दै तत्काल 'एन्टीस्नेक भेनम' उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो। सांसद यज्ञबहादुर बोगटीले अछाममा विद्युत् विस्तारका लागि ठेक्का भएको पाँच वर्ष पुगे पनि ग्रामीण वस्तीमा विद्युतीकरणको योजना अलपत्र परेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद रत्नाकुमारी थापाले भोटेकोशी बाढीमा बेपत्ता भएकाको खोज र उद्धारलाई थप तीव्र बनाउन माग गर्नुभयो । सांसद रञ्जु न्यौपानेले विपत्तिलाई अन्तरराष्ट्रिय जगत्मा स्पष्टसँग उठाएर जलवायु न्यायलाई जोडदाररुपमा उठाउनुपर्ने धारणा राख्नुभयो।

सांसद रमेशकुमार मल्लले राप्ती लोकमार्गअन्तर्गत सल्यानको खारकोलामा गएको पहिरोमा परी त्रिवेणी गाउँपालिकाका युवा मदन पुनको निधन भएको जनाउँदै तत्काल सडक स्तरोन्नति गरी नागरिकको जीउधनको सुरक्षा गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसदहरू राजन गौतम, राजीव खत्री, राधिका रम्तेल, राम लामा, रिङ्गला यादव, रिना उप्रेती, रुकेश रञ्जित, रुक्मणीदेवी कोइराल, रुविना आचार्य, रेखाकुमारी यादव, रेनुका काउचा र माधवबहादुर थापा जेनजी आन्दोलनमा दमन गर्नेमाथि कारबाही तथा भोटेकोशी बाढीमा निधन हुनुभएकामा व्यक्तिप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ताको खोजी, घाइतेको स्वास्थ्य उपचार, विस्थापितलाई सुरक्षित स्थानमा पुनःस्थापित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। रासस

# भ्रष्टाचारविरुद्धको अभियानलाई सफल बनाउन एकजुट हुनुपर्नेमा सांसदको जोड

काठमाण्डु । राष्ट्रियसभाका सांसदहरूले भ्रष्टाचारविरुद्धको अभियानलाई सफल बनाउन एकजुट हुनुपर्नेमा सांसदको जोड दिनुभएको छ।

राष्ट्रियसभाको बुधबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरूले भ्रष्टाचारविरुद्धको अभियानलाई सफल बनाउन राजनीतिक दल तथा सबै पक्ष एकजुट हुनुर्पने, 'जेन्जी आन्दोलन'का उपलब्धिलाई संस्थागत गर्नुर्पने तथा विपद् प्रभावितको उद्धार, राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभएको हो।

सांसद पदमबहादुर परियारले भ्रष्टाचारविरुद्धको अभियानलाई सफल बनाउन सबै एकजुट हुनुपर्नेमा जोड दिँदै प्रतिशोध नभई न्यायको आवश्यकता रहेको बताउनुभयो । उहाँले 'जेन्जी आन्दोलन'का उपलब्धिलाई संस्थागत गर्दै युवालाई विदेशिन बाध्य हुने अवस्था अन्त्य गरी स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले नेपाली नागरिकलाई खाना पकाउने ग्यासको सहज आपूर्ति सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउँदै भोटेकोशी बाढीमा बेपत्ता नागरिकको खोजी कार्य तीव्र पारेर परिवारलाई 'लाश वा सास'को यथार्थ जानकारी दिनुपर्ने बताउनुभयो। समुन्नत मुलुक निर्माणका लागि सबै पक्ष एकजुट हुनुपर्ने उहाँको भनाइ थियो।

सांसद श्रीकृष्णप्रसाद अधिकारीले भोटेकोशी बाढीप्रभावित क्षेत्रमा पुनःस्थापना तथा दिगो पुनर्निर्माणका लागि सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो। उहाँले इतिहासकै भयावह विपद्को सामना गर्नुपरेको उल्लेख गर्दै पूर्वसूचनाको अभाव तथा विपद् प्रतिकार्यका लागि आवश्यक उपकरणको कमी देखिएको बताउनुभयो ।रासस


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०५/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय चपुर, रौतहटबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : चपुर, रौतहट | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : सुनिल मोटरसाईकल मर्मत केन्द्र**<br>मधेश प्रदेश सरकार, उद्योग, पर्यटन वन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. १०८४८/१४४८/४४७/९८, दर्ता मिति : २०७८/११/१२, पान नं. ६१७८२५५७३, दर्ता मिति : २०७८/११/१२<br>ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८, **प्रोप्राइटर : सुनिल प्रसाद कुशवाहा** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : सुनिल प्रसाद कुशवाहा**<br>ना.प्र.नं. ३२२०७७-५७२३, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६८/०२/११<br>बाबुको नाम : छविलाल महतो<br>बाजेको नाम : देवधारी महतो<br>ठेगाना : रौतहट जिल्ला, गम्हरियार्विता गा.वि.स. वडा नं. ९<br>हाल : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८ | **२. नाम : पुनम कुमारी**<br>ना.प्र.नं. ३२-०२-७९-०४५६४, जि.प्र.का. रौतहट<br>जारी मिति : २०७९/१०/२४<br>पतिको नाम : सुनिल प्रसाद कुशवाहा<br>ससुराको नाम : छविलाल महतो<br>ठेगाना : रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ८ |
| | **धितोको विवरण** | |
| | सुनिल प्रसाद कुशवाहाको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला, गम्हरीयाविर्ता गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. २१०६ को क्षेत्रफल ०-०-१५-० (बिगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : चपुर, रौतहट, फोन नं. ०५५-५४०७५८
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# प्रधानमन्त्री साह तीनवटै सुरक्षा निकायका प्रमुखसँगको छलफलमा



काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले तीनवटै सुरक्षा निकायका प्रमुखहरूसँग उच्चस्तरीय छलफल गर्नुभएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि सिर्जित परिस्थिति, समग्र खोज, उद्धार, राहत वितरण र उपचार लगायतका विषयमा विस्तृत ब्रिफिङ लिने र आवश्यक निर्देशन दिने उद्देश्यले प्रधानमन्त्री साहले छलफल गर्नुभएको हो।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री शाहले नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग छलफल गरिरहनुभएको छ। प्रधानसेनापति सिग्देलसँगको छलफललगत्तै प्रधानमन्त्री शाहले नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की र सशस्त्र प्रहरी बल, नेपालका महानिरीक्षक नारायणदत्त पौडेलसँग पनि आजै छलफल गर्ने कार्यक्रम रहेको थियो। रासस

# दक्षिण कोरियामा विद्यालय हिंसा १३ वर्षयताकै उच्च

एएफपी । डिजिटल उपकरणको बढ्दो प्रयोग, सामाजिक दूरी र कोभिड-१९ महामारीपछिको आक्रामक व्यवहारका कारण दक्षिण कोरियामा विद्यालय हिंसाका घटना कीर्तिमानीस्तरमा पुगेका छन् ।

शिक्षा मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार, कक्षा ४ देखि हाईस्कुलको अन्तिम वर्षसम्मका करिब ३९ लाख विद्यार्थीमा गरिएको विद्यालय हिंसासम्बन्धी सर्वेक्षणमा सन् २०२६ मा हिंसाको सिकार हुने विद्यार्थीको दर दुई दशमलव नौ प्रतिशत पुगेको छ । यो अघिल्लो वर्षको तुलनामा शून्य दशमलव चार प्रतिशतले बढी हो ।

शिक्षा मन्त्रालयले सन् २०१३ देखि विद्यालय हिंसासम्बन्धी तथ्याङ्क सङ्कलन गर्न थालेयता यो सबैभन्दा उच्च दर हो । यसको अर्थ प्राथमिक, निम्न माध्यमिक र उच्च माध्यमिक तहका प्रत्येक १०० विद्यार्थीमध्ये करिब तीन जनाले विद्यालय हिंसाको अनुभव गरेको देखिन्छ ।

वर्षमा कम्तीमा दुई पटक सञ्चालन हुने अनलाइन सर्वेक्षणको यस वर्षको पहिलो चरणमा ८१ दशमलव नौ प्रतिशत अर्थात् करिब ३१ लाख ९० हजार विद्यार्थी सहभागी भएका थिए । यो सहभागिता दर गत वर्षको तुलनामा शून्य दशमलव तीन प्रतिशतले कम हो ।

सर्वेक्षणले सन् २०२५ को दोस्रो सत्रदेखि मे २०२६ सम्म भएका विद्यालय हिंसाका घटनालाई समेटेको थियो ।महामारीपछि विद्यालय सामान्य



अवस्थामा फर्किएसँगै विद्यालय हिंसाका घटना निरन्तर बढ्दै गएको तथ्याङ्कले देखाएको छ ।

सन् २०१९ मा एक दशमलव छ प्रतिशत रहेको हिंसाको सिकार हुने विद्यार्थीको दर दूरशिक्षाका कारण सन् २०२० मा घटेर शून्य दशमलव नौ प्रतिशतमा पुगेको थियो । त्यसपछि भने यो दर क्रमशः बढ्दै सन् २०२१ मा एक दशमलव एक प्रतिशत, २०२२ मा एक दशमलव सात प्रतिशत, २०२३ मा एक दशमलव नौ प्रतिशत, २०२४ मा दुई दशमलव एक प्रतिशत र २०२५ मा दुई दशमलव पाँच प्रतिशत पुगेको थियो ।

विशेषज्ञले यी तथ्याङ्कले महामारीको दीर्घकालीन सामाजिक प्रभावलाई पनि उजागर गरेको बताएका छन् । लामो समयसम्म अरूसँग प्रत्यक्ष सम्पर्क कम हुनु र डिजिटल उपकरणमा बढेको निर्भरताले विद्यार्थीको द्वन्द्व समाधान गर्ने क्षमता कमजोर बनाएको तथा कक्षाकोठामा आक्रामक व्यवहार बढाएको उनीहरूको भनाइ छ ।

"डिजिटल उपकरणको दैनिक प्रयोग बढ्दै जाँदा किशोरकिशोरीमा अरूसँग प्रत्यक्ष वा आमनेसामने सम्बन्ध विकास गर्ने अनुभवको कमी देखिएको छ र उनीहरूको समानुभूति पनि कमजोर हुँदै गएको छ," सर्वेक्षण सञ्चालन तथा विश्लेषण गर्ने नेसनल युथ पोलिसी इन्स्टिच्युटकी वरिष्ठ अनुसन्धानकर्ता सुङ युन-सुकले भन्नुभयो ।

विद्यालयको तहअनुसार हेर्दा प्राथमिक तहमा हिंसाको सिकार हुने दर सबैभन्दा बढी पाँच दशमलव सात प्रतिशत रहेको छ । निम्न माध्यमिक तहमा यो दर दुई दशमलव तीन प्रतिशत र उच्च माध्यमिक तहमा शून्य दशमलव आठ प्रतिशत रहेको छ ।

हिंसाका प्रकारमध्ये मौखिक हिंसा सबैभन्दा बढी ३७ दशमलव आठ प्रतिशत रहेको छ । त्यसपछि समूहगत दुर्व्यवहार १७ दशमलव एक प्रतिशत, शारीरिक हिंसा १५ दशमलव सात प्रतिशत र साइबर-बुलिङ सात प्रतिशत रहेका छन् ।

यद्यपि, मौखिक हिंसा र साइबर-बुलिङको दर क्रमशः एक दशमलव दुई र शून्य दशमलव आठ प्रतिशतले घटेका छन् । यसको विपरीत, शारीरिक हिंसा एक दशमलव एक प्रतिशत र समूहगत दुर्व्यवहार शून्य दशमलव सात प्रतिशतले बढेको छ ।

यस वर्ष विद्यालय हिंसामा सङ्लग्न भएको स्वीकार गर्ने विद्यार्थीको दर शून्य दशमलव आठ प्रतिशत रहेको छ, जुन गत वर्षको तुलनामा शून्य दशमलव तीन प्रतिशतले कम हो । तर हिंसाको साक्षी बन्ने विद्यार्थीको दर शून्य दशमलव छ प्रतिशत विन्दुले बढेर छ दशमलव सात प्रतिशत पुगेको छ ।

यसले हिंसामा प्रत्यक्ष सङ्लग्न भएको स्वीकार गर्ने विद्यार्थीको अनुपात घटे पनि विद्यालयमा प्रतिकूल वा असुरक्षित वातावरणको सामना गर्ने विद्यार्थीको संख्या अझै ठूलो रहेको देखाउछ ।

# एसिसी प्रिमियर कपः 'ब्याटिङमा नेपालको संघर्ष जारी, निर्णायक खेलमा सफलताको आशा'




काठमाण्डु । नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोली लगातार तेस्रोपटक एसिसी प्रिमियर कपको सेमिफाइनल खेल्ने तयारीमा छ ।

नेपाल समूह 'ए' को विजेताको हैसियतमा सेमिफाइनलमा ओमानविरुद्ध प्रतिस्पर्धा गर्न लागेको हो । नेपाल र ओमानबीचको महत्वपूर्ण खेल बिहीबार हुनेछ। एसोसियट क्रिकेटमा यी दुई टोलीबीचको खेल बहुप्रतिक्षित मानिन्छ । विगतको निर्णायक खेलहरूमा ओमान बाधक बनेकाले यसपटक नेपालले कसरी उसको सामना गर्नेछ, त्यो हेर्नलायक हुनेछ ।

ब्याटिङमा हुनेछ नेपालको परीक्षा

जारी प्रतियोगितामा समूह चरणको समग्र प्रदर्शन हेर्दा नेपालले राम्रो गरे पनि ब्याटिङमा सङ्घर्ष जारी राख्यो । नेपालले प्रतियोगिताको पहिलो खेलमा बहराइनविरुद्ध खेलेको थियो । उक्त खेलमा नेपाली टोली सात विकेटले विजयी भयो ।

खेलमा फराकिलो जित दर्ता गरे पनि नेपालले बहराइनविरुद्ध ८८ रनको झिनो लक्ष्य पूरा गर्न ३ विकेट गुमायो । नेपालले लक्ष्य भेट्टाउन २१ ओभर खेल्नुपरेको थियो ।

दोस्रो खेलमा मलेसियाविरुद्ध पनि नेपालको ब्याटिङ सन्तोषजनक रहन सकेन । मलेसियाले दिएको १०४ रनको लक्ष्य नेपालले २१.४ ओभरमा चार विकेट गुमाएर भेट्टाएको थियो । उक्त खेल ६ विकेटले जिते पनि ब्याटिङतर्फ नेपालको सङ्घर्ष जारी रह्यो ।

समूह चरणको तेस्रो खेलमा नेपालको भेट साउदी अरेबियाविरुद्ध भएको थियो । त्यस खेलमा साउदीले दिएको १९१ रनको लक्ष्य नेपालले ४१ ओभरमा ५ विकेटको क्षतिमा भेट्टायो ।

बहराइन, मलेसिया र साउदी अरेबिया तुलनात्मकरूपमा नेपालभन्दा कमजोर टोली हुन् । उनीहरूविरुद्ध नै ब्याटिङमा सङ्घर्ष गरेपछि विश्लेषकले चिरपरिचित प्रतिद्वन्द्वी हङकङविरुद्ध नेपालको ब्याटिङ हेर्नलायक हुने अनुमान गरेका थिए । तर, यस खेलमा नेपाल ब्याटिङ र बलिङ दुवै पक्षमा चुक्यो ।

हङकङले दिएको २६२ रनको प्रतिस्पर्धात्मक लक्ष्य पछ्याएको नेपाल ४९.१ ओभरमा २ सय ४६ रनमै अलआउट भयो । नेपालका लागि यो हार सेमिफाइनलअघि ठूलो पाठ बन्ने देखिएको छ । क्रिकेट विश्लेषक रवि तिमिल्सिना पनि यसमा सहमति जनाउनुहुन्छ । उहाँको बुझाइमा साझेदारी अभावले समूह चरणमा नेपालको ब्याटिङ उत्साजनक देखिएन ।

"समूह चरणको खेल नियाल्दा हाम्रा ब्याटरबीच ठूलो साझेदारी बन्न सकेन । एकदिवसीय फर्म्याटको क्रिकेटमा जुन कुरा आवश्यक पर्छ । एउटा खेलाडी लयमा हुँदैमा खेल जित्न सकिँदैन । यसमा सबै खेलाडीको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ," विश्लेषक तिमिल्सिनाले राससँग भन्नुभयो, "निर्णायक खेलमा अब समूह चरणको गल्ती दोहोर्याउनुहुँदैन । ब्याटरले जिम्मेवार र उत्कृष्ट योजनाअनुसार सेमिफाइनल खेल्नुपर्छ । हाम्रा लागि ओमान र युएई विगतमा बाधक बन्दै आएका थिए । यसपालि हामीले उनीहरूविरुद्ध उत्कृष्ट खेलेर उपाधि जित्नुपर्छ ।"

बलिङतर्फ भने समूह चरणको खेलमा सन्तुष्ट हुने धेरै ठाउँ रहेको तिमिल्सिना बताउनुहुन्छ । "समूह चरणमा नेपालले बलिङमा आफ्नो प्रभाव राम्रो देखायो । विशेषगरी कप्तान सन्दीप लामिछानेले सानदार बलिङ गरिरहेका छन् । उनी लयमा फर्किँदा टोली बलिङतर्फ निकै अगाडि छ," उहाँले भन्नुभयो, "हङकङसँगको खेललाई नेपालले अभ्यासमा रूपमा हेर्यो कि जस्तो लाग्छ । किनकि नेपालले एक खेलअगावै सेमिफाइनलमा स्थान बनाइसकेको थियो । त्यसैले पनि कप्तान लामिछानेले अन्तितिरको बलिङमा केही नयाँ प्रयोग गर्न खोजे ।"

ब्याटिङमा सुधार गर्न सके नेपालले एसिसी प्रिमियर कपको उपाधि जितेर एसिया कपमा स्थान बनाउने सम्भावना धेरै रहेको तिमिल्सिनाको विश्लेषण छ ।

"सेमिफाइनलमा नेपालको प्रतिस्पर्धी ओमान परेको छ । ओमानको टोलीमा धेरै नयाँ खेलाडी छन् । उनीहरू पनि ब्याटिङमा त्यति चलेका छैनन् । त्यसैले यदि बिहीबार नेपालले ब्याटिङमा सुधार गर्न सके फाइनलमा स्थान बनाउन गाह्रो छैन," तिमिल्सिनाले भन्नुभयो ।

समूह चरणमा नेपाली खेलाडीको प्रदर्शन

जारी प्रतियोगिताको समूह चरणमा नेपालका लागि ब्याटिङतर्फ ईशान पाण्डे केही सफल देखिनुभयो । उहाँले चार खेलमा एक अर्धशतकीय पारीको मद्दतमा १५१ रन बनाउनुभएको छ । ईशानको उच्च स्कोर ९० रन हो ।

उहाँपछि नेपालका लागि सर्वाधिक रनकर्ताको सूचीमा अर्जुन कुमाल हुनुहुन्छ । उहाँले चार खेलमा ११० रन बनाउनुभएको छ । बाँकी नेपाली ब्याटरले भने १ सय रनको आँकडा छुन सकेका छैनन् ।

बलिङतर्फ जारी एसिसी प्रिमियर कपमा कप्तान सन्दीप लामिछानेले सानदार प्रदर्शन गरिरहनुभएको छ । उहाँले समूह चरणको चार खेलमा २.६० को उत्कृष्ट इकोनमी रेटमा सर्वाधिक १३ विकेट लिनुभएको छ । कप्तान लामिछाने सर्वाधिक विकेटकर्ताको सूचीको शीर्ष स्थानमा हुनुहुन्छ ।

यस्तै, जारी संस्करणको प्रिमियर कपमा अर्का स्पिनर ललितनारायण राजवंशी पनि राम्रो लयमा हुनुहुन्छ । उहाँले चार खेलमा ३.४६ को इकोनमी रेटमा सात विकेट लिनुभएको छ । रासस

# भारी वर्षाले एसियाली खेलकुद प्रभावित




एएफपी । जापानको नागोयामा भएको रेकर्ड भारी वर्षाका कारण एसियाली खेलकुदमा सहभागी सयौं खेलाडीलाई बुधबार केही समयका लागि आफ्नो आवासबाट सुरक्षित स्थानमा सारिएको छ । आगामी दिनमा पनि वर्षा जारी रहने पूर्वानुमानबीच केही खेलस्थलमा पानी चुहिएको विवरण सार्वजनिक भएका छन् ।

मङ्गलबार नागोयामा एक घन्टामै करिब १०४ मिलिमिटर वर्षा भएपछि नगर अधिकारीहरूले सहरका केही क्षेत्रमा मानिसलाई सुरक्षित स्थानमा जान आदेश दिएका थिए । नागोया पोर्ट अथोरिटीका एक अधिकारीका अनुसार गार्डेन पियर क्षेत्रमा काठका अस्थायी कन्टेनरमा बसिरहेका सयौं खेलाडीलाई पनि सुरक्षित स्थानमा सारिएको थियो । करिब दुई घन्टापछि आदेश हटाइएपछि खेलाडीहरू आफ्नो आवासमा फर्किएका थिए ।

यस वर्षको एसियाली खेलकुदमा छुट्टै खेलाडी गाउँ निर्माण गरिएको छैन । आयोजकले खेलाडीको आवासका लागि क्रूज जहाज, अस्थायी काठका कन्टेनर र होटलको व्यवस्था गरेका छन् । वर्षाका कारण विभिन्न खेलस्थलमा पानी चुहिएको रिपोर्ट आए पनि तत्काल क्षतिको पूर्ण विवरण भने सहरका अधिकारी र खेल आयोजकले सार्वजनिक गरेका छैनन् ।

एसियाली खेलकुदको औपचारिक उद्घाटन सेप्टेम्बर १९ मा हुने भए पनि केही खेल यसअघि नै सुरु हुँदैछन् । बास्केटबल प्रतियोगिता बिहीबारदेखि सुरु हुने कार्यक्रम छ । प्रतियोगितामा १७ हजारभन्दा बढी खेलाडी तथा अधिकारी सहभागी हुने अपेक्षा गरिएको छ । यो सङ्ख्या ओलम्पिकमा सहभागी हुनेभन्दा पनि बढी हो ।

भारी वर्षाका कारण मङ्गलबार नागोयाका सबवे र बस सेवा केही समय रोकिएका थिए । जापान मौसम विज्ञान एजेन्सीले क्षेत्रका प्रमुख नदीमा उच्चतम तहको बाढी चेतावनी जारी गरेको थियो ।

# होर्मुजमा तनाव चर्किंदा तेल आपूर्ति जोखिममा



एएफपी । इरान र संयुक्त राज्य अमेरिकाबीच हर्मुज जलघाँटीलाई लिएर सैन्य तनाव चर्किएपछि विश्व बजारमा तेल आपूर्ति प्रभावित हुने जोखिम बढेको छ । इरानले आफ्ना तेल ट्याङ्करमाथि अमेरिकी आक्रमणको जवाफमा अमेरिकी सैन्य तथा सहयोगी राष्ट्रका लक्ष्यमा नयाँ आक्रमण थालेको हो ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड्स (आइआरजिसी) ले बुधबार हर्मुज जलघाँटी पार गर्न खोजिरहेका २० अमेरिकी जहाजमाथि आक्रमण गरेको दाबी गरेको छ । विश्वको तेल तथा तरलीकृत प्राकृतिक ग्यासको करिब पाँचौं हिस्सा ओसारपसार हुने उक्त जलमार्गमा इरानले युद्ध सुरु भएदेखि कडाइ गर्दै आएको छ । जलघाँटी प्रयोग गर्न अनुमति लिनुपर्ने र पारवहन शुल्क तिर्नुपर्ने व्यवस्थाका कारण अन्तर्राष्ट्रिय व्यापार तथा ऊर्जा आपूर्ति प्रभावित भएको बताइएको छ ।

अमेरिकी सेनाले एक दिनअघि पाँचवटा इरानी तेल ट्याङ्कर नष्ट गरेपछि इरानले जवाफी कारबाही गरेको आइआरजिसीले जनाएको छ । गार्डका अनुसार जोर्डनस्थित अल-अजराक अमेरिकी हवाई अड्डामा पनि क्षेप्यास्त्र प्रहार गरिएको छ । जोर्डनको सेनाले भने इरानबाट प्रहार गरिएका १८ वटा क्षेप्यास्त्र खसालेको जनाएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इरानले अमेरिकी नौसैनिक जहाजमाथि आक्रमण वा आक्रमणको प्रयास जारी राखे हरेकपटक उसका तेल ट्याङ्कर नष्ट गरिने चेतावनी दिनुभएको छ । इरानले पनि आफ्ना ट्याङ्करमाथि आक्रमण भए अमेरिकी सहयोगी कुवेत र बहराइनमा रहेका तेल ट्याङ्करलाई निशाना बनाउने चेतावनी दिएको छ ।

बढ्दो तनावसँगै एसियाली बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल ९९.४६ अमेरिकी डलर तथा वेस्ट टेक्सास इन्टरमिडियट (डब्लुटिआई) को मूल्य ९४.४५ डलर पुगेको छ । मध्यपूर्वबाट तेल आपूर्ति अवरुद्ध हुनसक्ने आशङ्काले मूल्य बढेको हो ।

यसैबीच, इरानी गार्डले हर्मुजमा अमेरिकी मानवरहित पनडुब्बी ड्रोन नियन्त्रणमा लिएको दाबी गरेको छ । अमेरिकी सेनाले भने उक्त ड्रोन पुरानो मोडेलको र संवेदनशील सूचना नभएको जनाएको छ । इरानी सरकारी टेलिभिजनले दुई अमेरिकी विध्वंसक पानीजहाजमाथि ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरिएको दाबी गरे पनि अमेरिकी सेनाले त्यसबारे तत्काल प्रतिक्रिया जनाएको छैन ।

हर्मुजमा जारी गतिरोधले इरान-अमेरिका सैन्य द्वन्द्व थप गहिरिनुका साथै विश्वव्यापी ऊर्जा आपूर्ति र व्यापारमा समेत गम्भीर असर पर्नसक्ने चिन्ता बढाएको छ ।

# क्यानडासँगको व्यापारिक तनाव बढाउँदै अमेरिकाको नयाँ प्रतिबन्ध

एएफपी । अमेरिका र क्यानडाबीच बढ्दो व्यापारिक तनावबीच अमेरिकाले क्यानडाबाट आयात हुने केही दुग्धजन्य पदार्थ, अधिकांश मदिराजन्य पेय पदार्थ तथा मोटरसाइकलमा रोक लगाउने भएको छ ।

अमेरिकी राष्ट्रपतिको कार्यालयले मंगलबार यस्तो जानकारी दिनुभएको हो । नयाँ प्रतिबन्ध सेप्टेम्बर २९ देखि लागू हुने जनाइएको छ ।

यसअघि क्यानडाले अमेरिकाबाट आयात हुने करिब २० अर्ब अमेरिकी डलर बराबरका वस्तुमा मंगलबारदेखि जवाफी कर लागू गरेको थियो ।

अमेरिकाले क्यानडाली वस्तुमा कर वृद्धि गरेपछि क्यानडाले यस्तो कदम चालेको हो । दुई देशबीचको व्यापारसम्बन्धी वार्ता गत महिना निष्कर्षविहीन भएपछि तनाव थप बढेको हो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानडाली वस्तुलाई ठूला तथा दीर्घकालीन अमेरिकी



सरकारी खरिद सम्झौताबाट समेत बाहिर राख्ने निर्णय गर्नुभएको हो । क्यानडाले अमेरिकी वस्तुका लागि "पूर्ण र न्यायोचित पारस्परिकता" सुनिश्चित नगरेसम्म क्यानडाली उत्पादनलाई त्यस्ता सरकारी सम्झौतामा अयोग्य ठहर गर्न सम्बन्धित सरकारी निकायलाई निर्देशन दिइएको छ ।

क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले आफ्नो देशको रणनीति क्यानडालाई आर्थिक रूपमा अझ आत्मनिर्भर बनाउनेतर्फ केन्द्रित रहेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "कुनै पनि देशले हामीलाई आफ्नो नियन्त्रणमा राख्न नसक्ने अवस्था सुनिश्चित गर्नु र हामीले आफ्नो इच्छाअनुसार जीवनयापन गर्न सक्ने वातावरण बनाउनु हाम्रो उद्देश्य हो ।"

अमेरिकाले अगस्ट २२ मा क्यानडाबाट आयात हुने करिब पाँच प्रतिशत वस्तुमा ५० प्रतिशतसम्मको अतिरिक्त कर लगाएको थियो । अमेरिकी दुग्ध, मदिरा तथा सवारीसाधन उद्योगलाई क्यानडाले अनुचित व्यवहार गरेको आरोप लगाउँदै अमेरिकाले यस्तो कदम चालेको थियो ।

अमेरिका र क्यानडाबीच लामो समयदेखि व्यापारसम्बन्धी मतभेद रहँदै आएका छन् । विशेषगरी क्यानडाको संरक्षित दुग्ध बजार र काठ उत्पादकलाई दिइने सरकारी सहयोगलाई लिएर दुई देशबीच विवाद हुँदै आएको छ । यद्यपि, दुवै देश लामो समयदेखि घनिष्ठ मित्र तथा बलिया साझेदारका रूपमा रहँदै आएका थिए ।

राष्ट्रपति ट्रम्पको कार्यकालमा अमेरिका-क्यानडा सम्बन्ध भने तीव्र रूपमा बिग्रिएको छ । ट्रम्पले क्यानडालाई अमेरिकाको ५१औँ राज्य बनाउने विषयमा समेत पटक-पटक विवादास्पद अभिव्यक्ति दिँदै आउनुभएको छ ।

क्यानडाका प्रधानमन्त्री कार्नीले गत वर्ष राजनीतिक सफलता हासिल गर्दै ट्रम्पको दबाबका सामु क्यानडाको हितको पक्षमा दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

दुई देशबीच बढ्दो व्यापारिक टकरावले दशकौँदेखि कायम रहेको घनिष्ठ सम्बन्धमा समेत गम्भीर असर पार्ने चिन्ता बढेको छ ।

# थाई विद्यालयमा शिक्षिकाको हत्या

एएफपी । थाइल्यान्डको चोन्बुरी प्रान्तस्थित एक किन्डरगार्टेनमा स्थानीय प्रहरीले आफ्नै शिक्षिका पत्नीको गोली हानी हत्या गरेका छन् । घटनामा विद्यालयका ४४ जना बालबालिका सुरक्षित रहेको अधिकारीहरूले बताएका छन् ।

बैङ्कको दक्षिणपूर्वमा पर्ने नोङ प्ला लाई उपजिल्लामा बुधबार बिहान घटना भएको हो । बन्दुकधारी प्रहरी अधिकारी गोली चलाएपछि घर फर्किएको र प्रहरीले उनलाई आत्मसमर्पण गराउन घर घेरेर वार्ता गरिरहेको अधिकारीहरूले बताएका छन् । घटनाको कारण भने खुल्न सकेको छैन ।

उपजिल्ला परिषद्का अध्यक्ष सायन क्लोमोनका अनुसार बन्दुकधारीले बिहान करिब १० :३० बजे विद्यालय पुगेर पत्नी शिक्षिकासँग कुराकानी गरेका थिए ।

त्यसपछि उनले पत्नीमाथि गोली चलाएका थिए । घटना कक्षाकोठाबाहिर भएकाले कुनै पनि बालबालिकाले प्रत्यक्ष नदेखेको र पछि सबै बालबालिकालाई सुरक्षित रूपमा अभिभावकको जिम्मा लगाइएको उहाँले बताउनुभयो ।

चोन्बुरीका गभर्नर नारिस निरामाइवोङले तीन शिक्षिकासहित छ कर्मचारी र ४४ जना बालबालिका सुरक्षित रहेको पुष्टि गर्नुभएको छ ।

# खप्तड एनभिएलको प्लेअफ दौडबाट बाहिरिने पहिलो टोली बन्यो

टुडे समाचारदाता

काठमाण्डु । खप्तड फाल्कन्स एक्सट्रिम इनर्जी ड्रिंक (एनभिएल) को प्ले अफ दौडबाट बाहिरिने पहिलो टोली बनेको छ ।

लगातार चौथो खेलमा हार बेहोरेसँगै खप्तड एक खेलअघि नै एनभिएलबाट बाहिरिएको छ । यसअघिका खेलमा जस्तै खप्तड आज अन्नपूर्ण स्पाइकर किंग्स ३-० सोझो सेटमा पराजित भएको हो। ४ खेलमा अंकविहीन खप्तडले एउटा पनि सेट आफ्नो पक्षमा पार्न सकेन ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् को कभर्डहलमा आज अन्नपूर्णले खप्तडलाई २५-१५,२५-१५,२९-२७ ले हराएको छ । चौथो खेलमा तेस्रो जितपछि अन्नपूर्ण ९ अंकसहित शीर्ष स्थानमा उक्लिएको छ ।

यद्यपि आज हुने अर्को खेलमा काठमाण्डु रेड्सलाई पराजित गरेको खण्डमा कर्णाली शिवराज पुनः शीर्ष स्थानमा उक्लिनेछ ।

कर्णालीले आजको खेल जितेमा सोझै फाइनलमा पुग्ने सम्भावना बलियो हुनेछ । ३ खेलमा कर्णालीको ८ अंक छ । काठमाडौंका लागि पनि प्ले अफको सम्भावना जीवित राख्न आज खेल महत्त्वपूर्ण हुनेछ। ३ खेलमा ५ अंकसहित टोली चौथो स्थानमा छ ।

एक्सट्रिम इनर्जी ड्रिंकको मुख्य प्रायोजन, नेपाल भलिबल संघको सहयोगमा केडिया ग्रुपद्वारा आयोजित प्रतियोगितामा ६ टोली सहभागी छन् ।

सिंगल राउन्ड रोविन लिगपछि शीर्ष टोली



फाइनलमा प्रवेश गर्ने छ । दोस्रो र तेस्रो रहने टोलीले फाइनल प्रवेशका लागि प्लेअफ खेल्ने छन् ।

एनभिएलको कुल पुरस्कार राशी ३२ लाख रुपैयाँ रहेको छ । यो पुरस्कार नेपाली भलिबलकै इतिहासमा हालसम्मकै सर्वाधिक हो । विजेताले २० लाख रुपैयाँ पुरस्कार प्राप्त गर्ने छ ।

कनेक्टेड वाइ एनसेल रहेको प्रतियोगिताको फ्लोरिङ पार्टनरमा यती कार्पेट, इन्टरनेट पार्टनरमा वर्ल्ड लिंक, एडुकेसन पार्टनरमामा डिएभी स्कुल, इन्सुरेन्स पार्टनरमामा हिमालय लाइफ इन्सुरेन्स, टुरिजम पार्टनरमा नेपाल टुरिजम बोर्ड, हेल्थ पार्टनरमा रझान्स आयल र डिजिटल पार्टनरमा एक्स-ऐज रहेका छन् ।

पुरुष भलिबलको फ्रेन्चाइज लिग नेपालमै पहिलोपटक भएको हो । फाइनल भदौ २७ गते हुने जनाइएको छ ।

# आयल निगमले आफ्नै मातहतमा ग्यास उद्योग खोल्नु आवश्यक छः उद्योगमन्त्री कुमारी

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले ग्यास आपूर्तिमा देखिएको समस्याको दीर्घकालीन समाधानका लागि नेपाल आयल निगमले आफ्नै मातहतमा ग्यास उद्योग खोल्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गतको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा उहाँले निगमले पटक-पटक पत्राचार गरे पनि ग्यास उद्योगबाट आवश्यक सहयोग नपाएको गुनासो गर्दै आपूर्ति सहज बनाउन समितिले आवश्यक निर्देशन दिनसमेत आग्रह गर्नुभयो ।

"हाम्रो देशमा बढीमा दुईवटा ग्यास उद्योग चाहिएको छ । सबै खारेज गर्नुपर्छ," उहाँले भन्नुभयो, "आयल निगमले आफ्नो मातहतमा एउटा ग्यास उद्योग खोल्नैपर्छ ।" नेपालमा ५८ वटा ग्यास उद्योग रहे पनि तीमध्ये एउटा पनि निगमको मातहतमा नरहेको र उद्योगीहरूलाई आपूर्ति सहज बनाउन पटक-पटक आग्रह गरे पनि त्यसबाट अपेक्षित परिणाम नआएको उहाँको भनाइ थियो ।

"५८ वटा ग्यास उद्योगले तीन-तीन हजारका दरले हरेक दिन काठमाडौँमा सिलिन्डर पठाइदिएको भए आज यो स्थिति आउने थिएन", उहाँले भन्नुभयो, "तर कसैले पठाइदिँदैन । हिजो पनि ४८ हजार सिलिन्डर काठमाडौँको लागि त्यहाँबाट हिँडेको छ । तर १९ हजारभन्दा बढी गएको छैन । कहाँ गयो त्यो सिलिन्डर ? कसैलाई केहि थाहा छैन । माग्यो भने दिँदैन ।" उहाँले तेल, ग्यास, लुगा, खाद्यान्न र चिनी गरी पाँच



वस्तुमा नेपाल आत्मनिर्भर हुनैपर्ने धारणा राख्नुभयो ।

मन्त्री कुमारीले ग्यास उद्योगसम्बन्धी कानुन निर्माण तथा संशोधनमा कर्मचारीतन्त्रबाट सहयोग नपाएको गुनासोसमेत गर्नुभयो । उहाँले उद्योगीहरूको हितअनुकूल बनेका नियम तथा कानुन परिवर्तन गर्न खोज्दा कर्मचारीबाट 'मिल्दैन' भन्ने जवाफ आउने गरेको बताउनुभयो ।

उहाँले उद्योग खोल्ने वातावरण बनाउन कच्चा पदार्थको भन्सार छुटलगायत विषयमा सुधार आवश्यक रहेको बताउनुभयो । तयारी वस्तु आयात सस्तो हुने तर कच्चा पदार्थ ल्याएर नेपालमा उत्पादन गर्दा महँगो पर्ने अवस्थाले उद्योगधन्दा खोल्ने वातावरण नबनेको उहाँको भनाइ थियो । उहाँले नजिकिँदै गरेको चाडपर्वलाई लक्षित गरी आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउन तथा कालोबजारी र मूल्यवृद्धि नियन्त्रणका लागि बजार अनुगमन तीव्र पारिएको जानकारी समितिलाई दिनुभयो ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका ४४ जिल्लाका १९३ स्थानबाट नेपाल फुड्स ब्रान्डको खाद्यान्न बिक्री मूल्यमा प्रतिकिलो रु पाँच छुट दिने घोषणा गरिएको बताउनुभयो ।

चिनीको अभाव हुन नदिन साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत २२ हजार ५०० मेट्रिक टन र खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत दुई हजार ५०० मेट्रिक टन गरी कूल २५ हजार मेट्रिक टन चिनी आगामी असोज २० गतेसम्म एक प्रतिशत भन्सार महसुलमा आयात गर्ने स्वीकृति मन्त्रिपरिषद्बाट प्राप्त भएको पनि उहाँले स्मरण गराउनुभयो ।

उहाँका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट चिनी प्रतिकिलो १०९ रूपैयाँ र साल्ट ट्रेडिङबाट रु १०५ सम्ममा बिक्री भइरहेको छ । बजारमा चिनीको मूल्य रु १५० भन्दा कम नरहेको उल्लेख गर्दै उहाँले तोकिएको मूल्यभन्दा बढीमा बिक्री भए कारबाही हुने बताउनुभयो ।

यस्तै, समितिका सभापति रहबर अन्सारीले चिनीको मूल्य बढेको भन्दै मन्त्रालयसँग प्रश्न गर्नुभयो । उहाँले समयमै थाइल्याण्ड, ब्राजिललगायत मुलुकबाट ५०-६० हजार मेट्रिक टन चिनी आयात गरिएको भए अहिलेको अवस्था नआउने बताउनुभयो ।

सभापति अन्सारीले सरकारी निकायले सफ्टवेयर खरिद गर्दा अनावश्यक रूपमा महँगो मूल्य तिर्ने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभयो । उहाँले अन्तरराष्ट्रिय र राष्ट्रिय कार्यालयसँग जोडिएको अध्यागमनको सफ्टवेयर कति लागतमा निर्माण भएको हो भन्नेबारे अध्ययन गर्नसमेत आग्रह गर्नुभयो ।

उपभोक्ता हित, कार्टेलिङ र कालोबजारी नियन्त्रणका लागि पर्याप्त कानुन नभए नयाँ कानुन निर्माण गर्न तथा आवश्यक कानुन संशोधन गर्न उहाँले मन्त्रालयलाई आग्रह गर्नुभयो । सभापति अन्सारीले ग्यासको अनुगमन र कारबाही गर्दा वास्तविक अवस्था बुझेर मात्र 'एक्सन' लिनुपर्नेमा समेत ध्यानाकर्षण गराउनुभयो । रासस

# राहत, उद्धार तथा पुनःस्थापनाका लागि कोष वृद्धि हुँदै




काठमाण्डु । प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा क्रमशः रकम वृद्धि हुँदै गएको छ ।

भोटेकोशी नदीमा आएको बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि दाताहरुले रकम जम्मा दाखिला गर्न उत्साहित भएका कारण कोषमा रकम बढ्दै गएको हो ।

लिस्बन (पोर्चुगल): पोर्चुगलबाट होटल व्यवसायी राजकुमार गौतमले आज रु पाँच लाख आर्थिक सहयोग गर्नुभएको छ ।

उहाँले सो रकम पोर्चुगलबाटै आज प्रधानमन्त्री राहत कोषमा दाखिला गर्नुभएको हो । उहाँ होटल व्यवसायी हुनुहुन्छ ।

काभ्रेपलाञ्चोकः निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन, नेपाल (प्याब्सन) काभ्रे, शाखाले बाढीपीडितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि रु ३२ लाख ४६ हजार ७५२ प्रधानमन्त्री राहत कोषमा दाखिला गरेको छ ।

प्याब्सन पनौतीले रु ११ लाख २४ हजार ३३, प्याब्सन पाँचखालले रु तीन लाख सात हजार ४८४ र बनेपा नगर प्याब्सनले रु १७ लाख ५२ हजार २३५ सहयोग गरिएको प्याब्सनका उपमहासचिव भीमसेन केसीले बताउनुभयो ।

पर्साः वीरगञ्ज महानगरपालिका-१० को शिवम् बचत तथा ऋण सहकारी संस्थाले रु दुई लाख ५१ हजार प्रधानमन्त्री राहत कोषमा दाखिला गरिएको अध्यक्ष शिवजीप्रसाद कलवारले बताउनुभयो ।

कपिलवस्तुः तौलिहवास्थित कालिका स्वावलम्बन सामाजिक केन्द्रले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु एक लाख ५५ हजार सहयोग गरेको केन्द्रका अध्यक्ष मन्दिप सिंहले बताउनुभयो ।

तनहुँः तनहुँ समाज, युकेले बाढीपहिरोबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि रु १० लाख १९५ सहयोग गरेको छ ।

समाजले बेलायतमा सङ्कलन गरेको उक्त रकमको चेक आज अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको तनहुँ समाज युकेका उपाध्यक्ष निर्मला थापाले जानकारी दिनुभयो । रासस

# म्याग्दी नदीमाथि झोलुङ्गे पुल निर्माण : बाँसबोटका किसानलाई केरा बिक्री गर्न सहज



म्याग्दी । म्याग्दीको धवलागिरि गाउँपालिका-७ काउसीबोट र वडा नं ४ को बाँसबोट जोड्ने झोलुङ्गे पुल निर्माण भएको छ ।

सङ्घीय सरकारको ससपेन्सन ब्रिज डिभिजन काठमाडौँले म्याग्दी नदीमाथि ३०३ मिटर लामो झोलुङ्गे पुल निर्माण गरेको हो । धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले उक्त पुलबाट हिलापोखरी, बाँसबोट, खोरबाङ, सोलवाङ, खारा, खाम्ला, छहरी, खिवाङ, शिवाङ, ताकम, काफलडाडाका बासिन्दा लाभान्वित भएका जानकारी दिनुभयो ।

उहाँका अनुसार बाँसबोटका किसानले उत्पादन गरेको केरा बजारीकरणमा सहज भएको छ । पुल निर्माणका लागि २०८२ साल असारमा रामकृष्ण-सोमरस जेभी र डिभिजनबीच रु एक करोड ६४ लाख १५ हजार २५४ मा ठेक्का सम्झौता भएको थियो । यसै महिनामा पुल निर्माण सकिएपछि आवतजावतका लागि खुला गरिएको छ ।

अठार महिनाको ठेक्का अवधि रहेको थियो । निर्धारित समयभित्रै पुल सम्पन्न भएको निर्माण कम्पनीका प्रतिनिधि प्रविन सापकोटाले बताउनुभयो । धवलागिरि गाउँपालिका-७ का राजकुमार कोइरालाले पुलले आवतजावतका लागि यात्राअवधि छोटिनुका साथै पर्यटकीयस्थलका रूपमा विकास हुने अपेक्षा गरिएको बताउनुभयो । एक घण्टाको यात्राअवधि पाँच मिनेटमा छोटिएको उहाँले बताउनुभयो ।

धवलागिरि गाउँपालिकामा यसअघि गत वर्ष दुई वटा तीन सय मिटर भन्दा लामा झोलुङ्गे पुल निर्माण भएको थियो । धवलागिरी गाउँपालिका-६ घाइरीबोट र खाउरीबाङ जोड्ने मराङखोलामा तीन सय ६५ मिटर र वडा नं.-३ फलियागाँउ र दर जोड्ने दरखोला माथी तीन सय ६६ मिटर लामो झोलुङ्गे पुल निर्माण भएको थियो । यो सहित हाल म्याग्दीमा तीन सय मिटर भन्दा लामा झोलुङ्गे पुलको संख्या सात वटा पुगेको छ ।

रघुगंगा गाउँपालिका-१ बेग र बादुक जोड्ने बेगखोलामा ३६५.८० मिटर, मालिका गाउँपालिका-७ बिमवाङ र धवलागिरि गाउँपालिका-६ रिख जोड्ने ३५० मिटर, बेनी नगरपालिका-१ रत्नेचौर र बागलुङ नगरपालिका-४ कुडुले जोड्ने ३८८ मिटर र अन्नपूर्ण गाउँपालिका-५ शिख र किन्दु जोड्ने ३४४ मिटर लामो पुल निर्माण भइसकेका छन् । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०५/२५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/१०/२४ को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत जमानतकर्ताको विवरण |
|---|---|
| असर्फि यादवको नाति, रामावतार यादवको छोरा, सप्तरी जिल्ला, साविक मानराजा गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदेबर्साइन न.पा. वडा नं. ७ बस्ने **धर्म नारायण यादव** (ना.प्र.नं. १६३११३/२, जारी मिति २०६३/११/०६, जि.प्र.का. सप्तरी) । | रामावतार यादवको बुहारी, धर्म नारायण यादवको पत्नी, सप्तरी जिल्ला, साविक मानराजा गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदेबर्साइन न.पा. वडा नं. ७ बस्ने **सुष्मा कुमारी यादव** (ना.प्र.नं. १६१११३/३७९, जारी मिति २०६८/०९/२४, जि.प्र.का सप्तरी) । |

**धितोको विवरण**

सुष्मा कुमारी यादव (ना.प्र.नं. १६१११३/३७९, जारी मिति २०६८/०९/२४, जि.प्र.का सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक मानराजा गा.वि.स./न.पा. वडा नं. ९ नक्सा सिट नं. ९ ख हाल सप्तरी जिल्ला, बोदेबर्साइन न.पा. वडा नं. ७ स्थित कि.नं. २७४ को क्षेत्रफल ०-०-५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/०८ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/०९ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नुपर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शूल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय कल्याणपुर, सप्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website : www.siddharthabank.com

## सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिती २०८३/०५/२५)

प्लान इन्टरनेशनल नेपालको सहयोगमा सामुदायिक परिवार कल्याण संघ (CFWA) द्वारा संचालित सशक्त बालिका परियोजना (GSS) र बाल प्रत्याभुत व्यवस्थापन (Child Sponsorship Management) परियोजनाको लागि आवश्यक कापी र बल पेन छपाउनु खरिद गर्नु पर्ने भएकोले उल्लेखित कार्य सम्पादन गर्न इच्छुक व्यक्ति तथा फर्महरुबाट सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही कार्यालय समय भित्र दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विवरण | आवश्यक संख्या | विशिष्टता | कैफियत |
|---|---|---|---|---|
| १. | कापी | ३९,६१५ पीस | कभर आर्टबोर्ड पेपर, म्यापिलितो पेपर ६० ग्राम, पेज नं. १२० र साईज A5, कभर पेजमा माथि र तल्लो पेजमा दुवै साईड (दुई साईडमा) म्यासेज लेख्नुपर्ने फोर कलरमा, मल्टी कलरमा । | |
| २. | बल पेन | ३९,६१५ पीस | कालो मसी भएको नर्मल बल पेन | |

**शर्तहरू**

१. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यक्ति तथा फर्महरुबाट सूचना प्रकाशन भएको मतिले २१ (एक्काइस) दिन भित्र यस संस्थाको कार्यालयमा मिति २०८३ असोज १४ गते कार्यालय समय ५:०० बजे भित्र सिल्ड दरभाउपत्र पेश गर्नु पर्ने छ ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा व्यक्ति तथा फर्म दर्ताको-प्रमाणपत्र, कर चुक्ता प्रमाण-पत्र (आ.व.०८१/८२), भ्याट दर्ताको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्नेको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनु पर्ने छ ।
३. सिलबन्दी दरभाउपत्रमा दररेट स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट गरेको वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
४. सिलबन्दी दरभाउपत्र खाम बन्द गरी लाहा छापले शिलबन्द गरि पेश गर्नु पर्नेछ ।
५. प्रस्तावना पत्रमा दरभाउ राख्न छुटाएका, म्याद नाघी आएका, सर्त रहित र माग गरे बमोजिमका कागजातहरु संलग्न नभएका सिलबन्दी पत्र माथि कुनै कारवाही गरिने छैन ।
६. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित सम्पर्क नम्बरमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।
७. आपुर्तिकर्ताबाट प्राप्त दरभाउपत्रहरु मिति २०८३ असोज २० गते दिनको १:०० बजे यस संस्थाको कार्यालय जनकपुरधाम १२ धनुषामा खोलिनेछ ।
८. दरभाउपत्रहरु कारण खुलाई वा नखुलाई पुरै अथवा आंशिक स्विकृत गर्ने वा पुरै रद्ध गर्ने सर्वअधिकार सामुदायिक परिवार कल्याण संघको खरिद समितिमा निहित रहनेछ ।
९. प्रस्तावित कुल बजेटको २.५ प्रतिशत रकम बैंक दाखिला अथवा उक्त रकम बराबरको बैंक ग्यारेन्टी उपलब्ध गराउनु पर्नेछ ।
१०. सिलबन्दी दरभाउ पत्रसंग Self Declaration स्वघोषणा फर्म पनि सही छाप गरी पेश गर्नु पर्नेछ । उक्त फर्म यस संस्थाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

**दरभाउपत्र पेश गर्ने ठेगाना:**

सामुदायिक परिवार कल्याण संघ,
**जनकपुरधाम -१२ शारदानगर(राराब क्याम्पस देखि पूर्व), धनुषा, मधेश प्रदेश नेपाल**
**फोन नं. ०४१-४२५१०३**

## भूमि प्रशासन कार्यालय गौर, रौतहट

### अप्रमाणित जग्गा प्रमाणित सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गा.वि.स. सिर्सिया वार्ड नं. ३ परिवर्तित ऐ.ऐ. गौर न.पा.- १३ हाल गौर न.पा.- ९. मा बस्ने स्व. मुसदि सिंह राजपुतको नाति स्व. राम चन्द्र सिंह राजपुतको छोरा वर्ष ४९ को राम सुन्द्र सिंह ऐ.ऐ.वस्ने वर्ष ४० को राजसुन्दर सिंह समेतले रौ.जि. अ, गौरको मुद्दा नं.२०७८-अउ-०१५४ अंश हक मुद्रामा मिति २०७८/०४/२६ गतेको मिलापत्र बमोजिम वाजे नाता पर्ने मुसाफिर सिंह राजपुतको नाउँमा तपशिल बमोजिम दर्ता कायम रहेको अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी समेत गरी पाउँ भनी द.नं.३९७२ मिनी २०७९/०७/२५ गतेको माँग निवेदन भई आएकोमा मोठ भिडान हुदाँ मुसाफिर सिंह राजपुत मरी हक खाने छोरा रामचन्द्र सिंह राजपुत वडा नं. ६ को नाउँमा मोठ कायम रही रोका नदेखिएको साथै तिनपुस्ते, वतन समेत नरहेको र सो जग्गा दा.खा.बाकी अप्रमाणित समेत रहेको भनि मोठ फाँट बाट लेखिआएको साथै दर्तावालाको नाम मोठ श्रेस्तामा मुसाफिर सिंह राजपुत र माँग निवेदन सिफारीसमा मुसदि सिंह फरक रहेको तथा गौर न.पा-९ गौरको चलानी नं.-३९ मिती २०७८/०४/२० गतेको सिफारीसमा मुल पुरुष डोमन सिंहको ३ छोरा मध्ये जेठो छोरा मोसदी सिंह माईला मुसाफिर सिंह र कान्छा दरोगा सिंह राजपुत हुनु भएकोमा मोसदी सिंह भन्ने मुसदी सिंह मिति-२००५ सालमा र निजको हकखाने हकदार श्रीमति परनिया देवी मिति २००८ सालमा अधिपछी मृत्यु भई निजको शेषपछिको हकखाने १ एक मात्र छोरा रामचन्द्र सिंह मिति २०६६/११/०५ गते र निजको पत्नी रुकमणि देवी सिंह मिति २०७५/११/२७ गतेमा मृत्यु भई निजको हकखाने हकदार ३ तिन छोरा श्याम सुन्दर सिंह, राम सुन्दर सिंह र राज सुन्दर सिंह रहेकोमा राम सुन्दर सिंह अविवाहित अवस्थामा मिति २०८१/०७/२० गतेमा प्रलोक भई हाल निजको श्याम सुन्दर सिंह र राज सुन्दर सिंह रही स्व. दोमन सिंहको माइला छोरा मुसाफीर सिंह राजपुत मिति २०१० सालमा मृत्यु भई निजकी श्रीमती भिखैनिया देवी मिति २०७७/०३/०४ गतेमा निशन्तान अवस्थामा मृत्यु भएको र कान्छा दरोगा सिंह अविवाहित अवस्थामा मिति २०२५ सालमा मृत्यु भएकोमा उक्त जग्गाको हक खाने हकदार श्याम सुन्दर सिंह र राज सुन्दर सिंह बाहेक अन्य कोही हकदारहरु छ छैन ? साथै गौर ना.पा-९, गौरको चलानी नं.८४६ मिती २०८१/१२/०७ गतेको सिफारीस समेतमा छुट जग्गा दर्ता अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा नामसारी गरिदिने भनि सिफारीस समेतले अप्रमाणित जग्गा प्रमाणित गरी दा.खा, नामसारी हकदावी बारे सम्बन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८३/०५/११ गतेको आदेश बमोजिम सोको हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा अप्रमाणित जग्गा प्रमाणित हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफू वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ं दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम (दा.खा, बाकी) अप्रमाणित जग्गा प्रमाणित दा.खा नाससारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वडा न. | कि.न. | क्षे.फ. | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | सिर्सिया | ७ | १११ | ०-४-१० | मुसाफिर सिह राजपत मरी हक खाने छोरा रामचन्द्र सिह राजपुत वडा न ६ दा.खा.बाकी अप्रमाणित |
| रौतहट | सिर्सिया | ७ | ११४ | ०-२-३ | मुसाफिर सिह राजपत मरी हक खाने छोरा रामचन्द्र सिह राजपुत वडा न ६ दा.खा.बाकी अप्रमाणित |

## भूमि प्रशासन कार्यालय हरिवन, सर्लाही

### ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

सूचना प्रकाशित/जारी मितिः २०८३/०५/२५ गते

प्रस्तुत सन्दर्भमा जिल्ला सर्लाही हरिपुर गा.वि.स. वडा नं. २ भै हाल हरिपुर नगरपालिकाको वडा नं. ७ बस्ने राम सेवक चौधरीले निजको नाममा नापनक्सा भएको जिल्ला सर्लाही गा.वि.स. हरिपुर वडा नं. २क कि.नं. २९८ क्षेत्रफल ०-३-० जग्गा दर्ता गर्न मात्र छुट भएको हुँदा उक्त जग्गा दर्ता गरी पाउँ भन्ने द.नं. ५३५ मिति २०८३/०४/२७ मा माग निवेदन दर्ता भएको हुँदा उक्त जग्गा दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**फिल्डबुकको व्यहोरा**

यो जग्गा पं हरिपुर वडा नं. २ मा बस्ने राम सेवक चौधरीको नम्बरी हो जोत हो भनी सही गर्ने वा.स.

# निजी विद्यालयका समस्या समाधान गर्न माग



**टुडे समाचारदाता**

जनकपुरधाम । निजी विद्यालयका छाता संगठनहरूले जनकपुरधामउपमहानगरपालिकाभित्र सञ्चालित निजी विद्यालयका विभिन्न समस्या तत्काल समाधान गर्न माग गरेका छन् ।

संस्थागत विद्यालयका प्रतिनिधिहरूले प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरि घिमिरेलाई ध्यानाकर्षण पत्र बुझाउँदै आफ्ना मागहरु संगठनहरुले अघि बढाएका छ्न । शैक्षिक हबका रूपमा स्थापित जनकपुरधाममा शैक्षिक वातावरणलाई थप व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय सरकारको भूमिका महत्वपूर्ण रहेको उनीहरुको भनाई छ ।

उ न ी ह रू ल े उपमहानगरपालिकाले शिक्षाको क्षेत्रमा विभिन्न पहल र कार्यक्रम अघि बढाएको देखिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको भन्दै तत्काल आवश्यक प्रक्रिया अघि बढाउन माग गरेका छन् । ध्यानाकर्षण पत्रमा अघिल्लो कक्षा सञ्चालनका लागि अनुमति माग गरेका विद्यालयलाई चैत मसान्तभित्र अनुमति प्रदान गरी त्यसको विवरण सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै, स्थानीय विषय लागू गरिए पनि हालसम्म पाठ्यपुस्तक उपलब्ध हुन नसकेको भन्दै तत्काल पुस्तक उपलब्ध गराउन आग्रह गरिएको एनप्याबसनका जनकपुरधाम नगर अध्यक्ष दिपक ठाकुरले बताए ।

संस्थागत विद्यालयका लागि शुल्क निर्धारण गरिए पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको भन्दै शुल्कसम्बन्धी निर्णयलाई व्यवहारमा लागू गर्नुपर्ने आफुहरूको माग रहेको उनले बताए । साथै, संस्थागत विद्यालयहरूको अनुगमन गरी वर्गीकरण गर्नुपर्ने व्यवस्था भए पनि हालसम्म वर्गीकरण हुन नसकेकोप्रति पनि संगठनहरूले प्रश्न उठाएका छन् ।


अनुगमनका क्रममा अनुमति प्राप्त कक्षाभन्दा माथिल्ला कक्षा सञ्चालन गरिरहेका विद्यालय फेला परे पनि हालसम्म कारबाही नभएको भन्दै त्यस्ता विद्यालयमाथि तत्काल आवश्यक कानुनी प्रक्रिया अघि बढाउन माग गरिएको छ ।

अनुमति वा दर्ताबिनै सञ्चालनमा रहेका विद्यालयलाई अविलम्ब बन्द गर्नुपर्ने तथा अनुमति लिएर पनि सञ्चालनमा नरहेका विद्यालयको यकिन गरी आवश्यक प्रक्रिया पूरा गरेर अनुमति खारेज गर्नुपर्ने मागसमेत ध्यानाकर्षण पत्रमा उल्लेख छ । निजी विद्यालयका छाता संगठनहरूले जनकपुरधामको शैक्षिक क्षेत्रलाई व्यवस्थित बनाउन समस्या समाधानका लागि उपमहानगरपालिकाले तत्काल ठोस कदम चाल्नुपर्ने बताएका छन् ।

## मधेशमा लागू औषधको कारोबार बढ्दो

# २४ घण्टा भित्र दुईजना भारतीयसहित ४ जना पक्राउ

**मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी ओमप्रसाद अधिकारीका अनुसार लागूऔषध सेवन तथा कारोबारको आरोपमा पक्राउ पर्नेहरूमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा रहेका छन् ।**



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा लागूऔषधको कारोबार तथा ओसारपसार नियन्त्रणका लागि प्रहरीले अभियान तीव्र बनाए पनि यसको गतिविधि बढ्दै गएको देखिएको छ । प्रदेशका विभिन्न जिल्लामा बुधबार मात्रै प्रहरीले लागूऔषध तथा प्रतिबन्धित औषधिसहित चार जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा दुई जना नेपाली र दुई जना भारतीय नागरिक रहेका छन् ।

पर्सामा मात्रै लागूऔषधसहित दुई भारतीय नागरिक पक्राउ परेका छन् । वीरगञ्ज महानगरपालिकाका छुट्टाछुट्टै स्थानमा गरिएको कारबाहीका क्रममा उनीहरूलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

वीरगञ्ज महानगरपालिका-१६, लिंकरोडस्थित होटल अमन प्यालेसमा सशस्त्र प्रहरीले छापा मार्दा ठूलो परिमाणमा ब्राउन सुगर अर्थात् खैरो हेरोइनसहित एक भारतीय नागरिक पक्राउ परेका हुन् । भारतको बिहार राज्य, रक्सौल-१३ का करिब ३५ वर्षीय विशाल कुशवाहालाई विशेष सूचनाका आधारमा पक्राउ गरिएको पर्सा प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपालको इन्टेलिजेन्स ब्युरोबाट खटिएको टोलीले बुधबार दिउँसो होटलको कोठा नम्बर २०५ मा बुकिङ गरी बसेका कुशवाहालाई १३२ ग्राम ३२ मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो ।

प्रहरीले कुशवाहाबाट बीआर ०५ बीएस ०४१९ नम्बरको कालो मोटरसाइकल, एक थान एन्ड्रोइड मोबाइल, नेपाली रुपैयाँ ३२ हजार १०० र भारतीय रुपैयाँ ४ हजार २०० समेत बरामद गरेको जनाएको छ ।

यसैगरी वीरगञ्ज महानगरपालिका-२१ स्थित परवानीपुर चोकबाट ७ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थसहित अर्का भारतीय नागरिक पक्राउ परेका छन् । लागूऔषधको खरिद-बिक्री तथा ओसारपसार भइरहेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट परिचालित टोलीले जितपुरबाट वीरगञ्जतर्फ आउँदै गरेको भारतीय नम्बर प्लेटको कार रोकेर जाँच गरेको थियो ।

चेकजाँचका क्रममा चालकको सिटको माथिल्लो भागमा प्लास्टिकभित्र लुकाएर राखिएको अवस्थामा ७ ग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा भारतको बिहार, पूर्वी चम्पारण, रक्सौल नगरपालिका-५ लोहडियाका ३१ वर्षीय दिनेश प्रसाद रहेका छन् । उनीमाथि लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

उता बाराको जितपुरसिमरा उपमहानगरपालिका-२१ स्थित वडा कार्यालय नजिकै पूर्वपश्चिम राजमार्गबाट प्रहरीले ठूलो परिमाणमा ट्रामाडोलसहित एक युवकलाई पक्राउ गरेको छ ।

वीरगञ्जबाट चितवनतर्फ जाँदै गरेको ना.५ ख ७६२३ नम्बरको यात्रुवाहक बसलाई राजमार्गमा चेकजाँच गर्ने क्रममा बसको हुड र्‍याकमा राखिएका दुईवटा क्यारी ब्याग फेला परेका थिए । ती ब्याग खोल्दा १८ हजार ३ सय पिस ट्रामाडोल बरामद भएको प्रहरीले जनाएको छ ।

ट्रामाडोलसहित पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१६ का करिब १९ वर्षीय आनन्द चौरसिया रहेका छन् । पक्राउ परेका चौरसियामाथि लागूऔषधसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

त्यस्तै सिरहाको लहानमा प्रहरीले प्रतिबन्धित औषधिसहित स्कारपियो गाडी नियन्त्रणमा लिएको छ । गाडीका चालकलाई पनि पक्राउ गरी अनुसन्धान अघि बढाइएको सिरहा प्रहरीले जनाएको छ । लहान नगरपालिका-१० का करिब ४१ वर्षीय विजयकुमार बिसुके पक्राउ परेका हुन् ।

बुधबार बिहान लहान नगरपालिका-३ स्थित ठाडी चोकमा इलाका प्रहरी कार्यालय लहान र सशस्त्र प्रहरी बल सुरक्षा बेस लहानबाट खटिएको संयुक्त टोलीले विशेष सूचनाका आधारमा ठाडीबाट लहानतर्फ आउँदै गरेको स १ च १४१४ नम्बरको स्कारपियोलाई चेकजाँच गर्दा गाडीबाट ओनरेक्स १०० नामको प्रतिबन्धित औषधि १२३ बोतल बरामद गरिएको हो ।

### तीन वर्षमा २ हजार ८११ जना पक्राउ

पछिल्ला तीन आर्थिक वर्षमा प्रदेशका आठवटै जिल्लाबाट दुई हजार ८११ जनालाई प्रदेशका विभिन्न स्थानबाट पक्राउ गरेका छन् । सो अवधिमा लागूऔषधसम्बन्धी दुई हजार १२१ वटा मुद्दा दर्ता भएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालका अनुसार पक्राउ पर्नेमा दुई हजार ५५४ नेपाली र २५४ विदेशी नागरिक रहेका छन् । गत आर्थिक वर्षमा मात्रै प्रदेशका विभिन्न जिल्लाबाट लागूऔषधसहित ७८६ नेपाली, ८४ भारतीय र एक जना अन्य विदेशी गरी ८७१ जना पक्राउ परेका थिए । उक्त अवधिमा लागूऔषधसम्बन्धी ६३० वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार आर्थिक वर्ष २०८१/८२ मा लागूऔषधसहित ८३६ जना पक्राउ परेका थिए भने सो अवधिमा ५८५ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएका थिए । त्यसअघि आर्थिक वर्ष २०८०/८१ मा मधेश प्रदेशबाट लागूऔषधसहित एक हजार १०४ जना पक्राउ परेका थिए । उक्त वर्ष ७९७ वटा लागूऔषधसम्बन्धी मुद्दा दर्ता भएको प्रहरीको तथ्यांक छ ।

प्रहरीका अनुसार सीमावर्ती भारतीय बजारमा पुगेर लागूऔषध सेवन गर्ने, खरिद गर्ने र नेपालतर्फ ल्याउने क्रममा पक्राउ पर्नेहरूमा युवाको संख्या उल्लेख्य छ । मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी ओमप्रसाद अधिकारीका अनुसार लागूऔषध सेवन तथा कारोबारको आरोपमा पक्राउ पर्नेहरूमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका युवा रहेका छन् ।

# क्यासिनो काण्ड : युवतीसँग अध्यक्ष यादवको भिडियो सार्वजनिक

**अनिल तिवारी**



वीरगञ्ज । पर्साको सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यशवन्त यादव क्यासिनोको जुवाको टेबलमा युवतीसँग बसेर रमाइरहेको देखिने भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि वीरगञ्जको क्यासिनो काण्ड थप पेचिलो बनेको छ ।

केही दिनअघि पर्सा प्रहरीले यादवसहित आठ जना नेपालीलाई क्यासिनोमा प्रवेश गरी जुवा खेलेको आरोपमा पक्राउ गरेको थियो । उनीहरूमाथि प्रहरीले अनुसन्धान अघि बढाइरहेको छ। घटनापछि अध्यक्ष यादवलाई राजनीतिक षड्यन्त्रका क्रममा जुवा काण्डमा फसाइएको आरोप उनका पिता हिरालाल यादवले लगाउँदै आएका थिए । तर, अहिले सार्वजनिक भएको भिडियोले घटनाबारे थप प्रश्न खडा गरेको छ ।

यादवका पिता हिरालालले आफ्ना छोरा जुवा, तास तथा लागुऔषधको कुलतमा कहिल्यै नलागेको दाबी गर्दै राजनीतिक प्रतिशोधका कारण चरित्र हत्या गर्न खोजिएको आरोप लगाएका थिए । सामाजिक सञ्जालमा आफ्ना छोराविरुद्ध विभिन्न किसिमका प्रचार भइरहेको भन्दै उनले आपत्ति जनाएका थिए । चुनावमा यशवन्तसँग पराजित भएका प्रदीप जैसवाल र उनका समर्थकहरूले घटनालाई राजनीतिक रंग दिएको आरोपसमेत उनले लगाउँदै आएका थिए ।

यसअघि यादव पक्षले आफूहरू एनजीओ 'सिसि'का केही साथीहरूसँग बैठकमा रहेको र त्यसै क्रममा इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेलले फोन गरी बोलाएपछि क्लार्क रिसोर्ट पुगेको दाबी गरेको थियो । त्यहाँ खाना खाएर फर्किने क्रममा प्रहरीले पक्राउ गरेको यादव पक्षको भनाइ थियो ।

यादव पक्षका अनुसार रिसोर्टबाट फर्किनुअघि प्रहरी निरीक्षक पौडेलले 'एकछिन क्यासिनोमा छिरौँ र हेरौँ' भनेपछि केही समयका लागि क्यासिनो प्रवेश गरिएको थियो । तर, अहिले सार्वजनिक भएको भिडियोमा यादव जुवाको टेबलमा युवतीसँग बसेको देखिएपछि उक्त दावीमाथि नै प्रश्न उठेको छ ।

भिडियो सार्वजनिक भएपछि यादवसहितका नेपाली नागरिक क्यासिनोभित्र कुन प्रक्रियाबाट प्रवेश गरे, उनीहरूलाई कसले प्रवेश गरायो र क्यासिनोका कर्मचारीको भूमिका के थियो भन्ने प्रश्नसमेत उठेको छ । सामाजिक सञ्जालमा सार्वजनिक भिडियोले क्यासिनोभित्र नेपाली नागरिकलाई जुवा खेल्न दिइएको विषयमा थप अनुसन्धान आवश्यक देखिएको टिप्पणी भइरहेको छ ।

यसैबीच, प्रमुख जिल्ला अधिकारीले घटनाको थप अनुसन्धानका लागि गाउँपालिका अध्यक्ष यशवन्त यादवसहित पक्राउ परेका आठ जनालाई छ दिनको म्याद दिएका छन् ।

प्रहरीले घटनाबारे आफ्नो आधिकारिक धारणा सार्वजनिक गरिसकेको अवस्थामा अब आरोप-प्रत्यारोपभन्दा पनि क्यासिनो प्रवेशदेखि जुवा खेलिएको भनिएको घटनासम्मको सम्पूर्ण पक्षमाथि निष्पक्ष अनुसन्धान आवश्यक देखिएको छ ।







# समितिले बुझायो वार्षिक प्रतिवेदन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको महिला, बालबालिका तथा सामाजिक न्याय समितिले आफ्नो वार्षिक प्रतिवेदन २०८३ बुझाएका छन् ।

समितिकी सभापति रूपा कुमारी यादवको नेतृत्वमा सदस्यहरूले बुधबार प्रदेशसभाका सभामुख रामअशिष यादवसमक्ष पेश गरेका हुन् ।

प्रतिवेदनमा समितिले आर्थिक वर्ष २०८२/८३ मा महिला, बालबालिका तथा सामाजिक न्यायका क्षेत्रमा गरेका गतिविधि, अनुगमन तथा समितिका कामकारबाही समेटिएको जनाइएको छ ।

समितिले महिला तथा बालबालिकाको अधिकार संरक्षण, सामाजिक न्याय प्रवर्द्धन तथा सम्बन्धित विषयमा सरकारका कामकारबाहीको अनुगमन र आवश्यक सुझाव दिने कार्य गर्दै आएको छ । प्रतिवेदन बुझ्दै सभामुख यादवले समितिले आफ्नो कार्यक्षेत्रअनुसार गरेका काम तथा प्रस्तुत गरेका सुझावहरू महत्वपूर्ण रहेको उल्लेख गर्दै प्रदेशसभाको प्रभावकारिता बढाउन विषयगत समितिहरूको भूमिका महत्वपूर्ण हुने बताए । समितिकी सभापति रूपा कुमारी यादवले महिला, बालबालिका तथा सामाजिक न्यायका सवाललाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि समितिको कामलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरिन् ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८